
विज्ञापनको निम्ति सम्पर्क
फोन नं ६६१९१०७
६६२०५५९



भ.पु.जि.प्र.का.द.नं. २६/२०५५/५६

भ.पु.जि.हु.का.द.नं. २/०७०/७१

# मजदुर

The Worker Daily दैनिक

Website : www.onlinemajdoor.com



**मजदुर दैनिक विज्ञापन शाखा**

नगाँचा, कमलविनायक, भक्तपुर-९, फोन नं.९७४४४२४४६५

**विज्ञापनको लागि सूचना**

सम्पूर्ण ग्राहकवर्गले विज्ञापन दिने gmail id majdurdaily@gmail.com उक्त gmail id change भई नयाँ gmail id र भाइबर नं. भएको जानकारी गराउँदै विभिन्न साइजको विज्ञापन दिनुपरेमा तलको उल्लेखित भाइबर नं.मा viber वा दिइएको gmail id मा मेल गरिदिनुहुन यो सूचना प्रकाशित गरिएको छ ।

**भाइबर नं.** : ९७४४४२४४६५

**Gmail :** majdurdailybigyapan@gmail.com

मजदुर The Worker Daily दैनिक



★ वर्ष : २८ ★ अङ्क : १२ ★ ने. सं. ११४६ शिल्ला गा, तृतीया ★ बुधबार ★ २१ माघ, २०८२ ★ February 4, 2026, Wednesday ★ मूल्य रु.५।- ★ पृष्ठ ८


# उमेरसँगै नयाँ विचार वैज्ञानिक समाजवादबारे शिक्षा दिनु जरुरी




भक्तपुर, २० माघ । नेपाल मजदुर किसान पार्टीको ५२ औं स्थापना दिवसको अवसरमा मङ्गलबार नेपाल क्रान्तिकारी मजदुर सङ्घको आयोजनामा मजदुर भेला तथा प्रशिक्षण कार्यक्रम सम्पन्न भयो ।

भेलामा नेपाल मजदुर किसान पार्टीका अध्यक्ष नारायणमान बिजुक्छेँ (रोहित) ले नेपाल मजदुर किसान पार्टी स्थापनाको पृष्ठभूमि छ; यो पृष्ठभूमि घरको जगजस्तै हो भन्नुभयो ।

उहाँले भन्नुभयो, "पार्टी सङ्गठन विस्तार भए निर्वाचनमा मत प्राप्त हुनेछ । सरकारमा गएका पार्टीहरूले २०१५ सालको चुनावदेखि नै पैसा र सामान बाँडेर, भोज खुवाएर निर्वाचन जितेको पुष्टि भइरहेको छ ।"

"दस बीस वर्ष अघिदेखि नै राष्ट्रिय र अन्तर्राष्ट्रिय गैरसरकारी संस्थाहरूले राजनीतिमा नयाँ पुस्ताको चर्चा चलाएका थिए । वास्तवमा उमेरसँगै नयाँ विचार वैज्ञानिक समाजवादबारे शिक्षा जरुरी हुन्छ । पुँजीवादी विचार भएका नयाँ पुस्ताबाट समाजमा तात्त्विक परिवर्तन आउने छैन ।" उहाँले भन्नुभयो ।

उहाँले नेपालमा उपद्रव गराउन साम्राज्यवादीहरूले पैसा पठाएको सार्वजनिक भइरहेको छ भन्नुभयो ।

अध्यक्ष रोहितले भन्नुभयो, "नेमकिपाका कार्यकर्ताहरूले बेलायत, फ्रान्स, अमेरिकाको पुँजीवादी आन्दोलन र रुस, चीन, क्युवा, भियतनाम, प्रजग कोरियाको समाजवादी क्रान्तिहरूबारे अध्ययन गर्नु जरुरी छ ।"

भेलामा नेमकिपाका सचिव एवं प्रतिनिधिसभा क्षेत्र नं. १ का उम्मेदवार प्रेम सुवालले नेपाली जनताले राणा शासन र पञ्चायती शासनको विरोधमा सङ्घर्ष गरे तर बहुदल र गणतन्त्रको ३५ वर्षयता सरकारमा गएका दलहरूले देश र जनताको नि:स्वार्थ सेवा गरेनन् । शासक दलहरूले खर्बौं खर्ब ऋण ल्याएर अलिकति सडक र पुल बनाउने कामलाई नै विकास गरेको दाबी गरे तर देश ऋणमा डुबेको उच्चारण गर्दैनन् ।

उहाँले भन्नुभयो, "नेमकिपाले चुनाव र अरु बेला पनि जनतालाई देश र संसारलाई बुझाउने काम गर्दै छ । राजनीतिक रूपले जनता सचेत र सङ्गठित नभएसम्म आदर्श समाज निर्माण हुनेछैन ।"

भेलामा नेपाल क्रान्तिकारी मजदुर सङ्घका उपेन्द्र सुवाल, विष्णुराम दुमरु र विक्रम ढुकुछुले पनि बोल्नुभएको थियो ।

# छालिङमा जनतासँग भेटघाट तथा छलफल

भक्तपुर २०, माघ । नेपाल मजदुर किसान पार्टीको ५२ औं स्थापना दिवसको अवसरमा नेमकिपा चाँगुनारायण ५, छालिङ एकाइ समितिले मङ्गलबार नेमकिपाका सचिव एवम् प्रतिनिधिसभा सदस्य उम्मेदवार प्रेम सुवालको स्थानीयसँग भेटघाट तथा छलफल कार्यक्रम सम्पन्न गऱ्यो ।

सचिव सुवालले जनताको उच्च सांस्कृतिक स्तर भएको आदर्श समाज स्थापना गर्ने उद्देश्यले राजनीतिक दल स्थापना हुनुपर्ने आवश्यकता औंल्याउँदै नेपाल मजदुर किसान पार्टी समाजवाद हुँदै साम्यवादसम्म पुग्ने दीर्घकालीन लक्ष्य प्राप्तिको निम्ति स्थापना भएको बताउनुभयो ।

उहाँले बहुदलपछि नेका नेतृत्वमा बनेको सरकारले नेपालको ६००० नदीनाला भारतको साझा बनाएको उल्लेख गर्दै शासक दलहरूले नेपालको बिजुली बाल्ने र निभाउने स्वीच भारतको दिल्लीमा राख्ने गरी सार्क ग्रीड सम्झौता गरेको देशघात नै भएको बताउनुभयो ।

सचिव सुवालले भन्नुभयो, "पटक पटक सरकार चलाएका नेका, एमाले, माओवादी, राप्रपा, रास्वपालगायतका शासक दलहरूले देशलाई ३० खर्ब ऋण बोकाए, वैदेशिक रोजगारीको नाउँमा नेपाली युवालाई विदेशमा पशुजस्तै बेचबिखन गरे, कृषिप्रधान देश नेपालमा दाल, चामल, तरकारी, फलफूलसमेत विदेशबाट खर्बौंको आयात गर्नुपर्ने अवस्थामा पुऱ्याए । नेपाली जनताले देशघात गर्ने शासक दलहरूलाई निर्वाचनमा ठेगान लगाउनु जरुरी छ ।"

कार्यक्रममा नेपाल मजदुर किसान पार्टी चाँगुनारायण नगर समितिका अध्यक्ष न्हुछेभक्त फोजूले नेपालको कम्युनिस्ट आन्दोलनमा देखापरेका खोटा विचारहरूको खण्डन गर्न नेपाल मजदुर किसान पार्टी स्थापना भएको बताउनुभयो ।

आयोजक समितिका अध्यक्ष रत्नबहादुर ह्यौंमिखाको सभापतित्वमा सम्पन्न उक्त कार्यक्रममा मिनबहादुर बाटाले पनि बोल्नुभयो । भेलाले रत्नबहादुर ह्यौंमिखाको संयोजकत्वमा चाँगुनारायण नपा ५, छालिङस्तरीय निर्वाचन परिचालन समिति पनि गठन गऱ्यो ।

***व्यङ्ग्यचित्रको कुनो***




# प्रतिनिधिसभाको निर्वाचन र अर्थतन्त्रमा त्यसको प्रभाव

काठमाडौँ, २० माघ । निर्वाचनलाई प्रजातन्त्रको सुन्दर पक्ष मानिन्छ । जनताद्वारा निर्वाचित प्रतिनिधिहरूले जनतामाथि शासन गर्ने व्यवस्था हुँदा प्रजातान्त्रिक व्यवस्थालाई राम्रो भनिएको हो । सामान्यतया जनताले इमानदार, जनताको सेवामा समर्पित र विचारमा परिपक्व नेतृत्व चुन्छन् भन्ने मान्यता राखिएको हुन्छ तर व्यवहारमा भने त्यसको उल्टो भइरहेको छ । नेपालमा हुने हरेक निर्वाचनमा एकाधलाई छाडेर अधिकांश उम्मेदवारहरू बढी पैसा खर्च गर्न सक्नेहरू नै जित्ने गरेका छन् । निर्वाचन विचार र सिद्धान्तको प्रतिस्पर्धा नभई पैसाको प्रतिस्पर्धा भइरहेको छ ।

नेपालको संविधान जारी भएसँगै हरेक पाँच पाँच वर्षमा सङ्घ, प्रदेश र स्थानीय गरी तीन तहको निर्वाचन गर्नुपर्ने बाध्यात्मक व्यवस्था छ । निर्वाचन अत्यन्त खर्चिलो बन्दै गएकोले देशको अर्थतन्त्रमा थप भार पर्दै गएको छ । यो वर्ष सङ्घको मध्यावधि निर्वाचन गर्नुपरेकोले अन्य वर्षमा भन्दा राज्यको खर्च झन् बढ्ने भएको छ । अबको १ वर्षमा स्थानीय र डेढ वर्षमा प्रदेश तहको पनि निर्वाचन गर्नुपर्नेछ । हरेक पटकको निर्वाचनमा हुने अरबौँ खर्चले देशको अर्थतन्त्रमा नराम्ररी प्रभाव पर्नेछ ।

फागुन २१ गते प्रतिनिधिसभाका निर्वाचनमा ३,४०६ जना उम्मेदवारहरू मैदानमा छन् । ती प्रत्येक उम्मेदवारको लागि कानुनले नै २५ देखि ३३ लाख खर्च गर्ने छुट दिएको छ । कानुनबमोजिम मात्र खर्च गर्ने हो भने पनि सबैको खर्च ९ अर्बभन्दा बढी हुन आउँछ । अधिकांश उम्मेदवारहरूले कानुनले तोकेको भन्दा कैयौँ गुणा बढी खर्च गर्छन् । त्यो सबै हिसाब गर्ने हो भने उम्मेदवारले मात्र २४।२५ अर्बभन्दा बढी खर्च गर्नेछन् ।

नेपाल सरकारले आगामी निर्वाचनको लागि भनी २५ अर्ब खर्च विनियोजन गरेको छ । सामान्य हिसाबले पनि आगामी निर्वाचनको लागि ५० अर्बभन्दा बढी खर्च हुने देखिन्छ । त्यो रकम जनताको हितमा हुने विकास निर्माणमा खर्च गर्न पाएको भए कतिवटा अस्पताल, कलेज वा विश्वविद्यालय बन्छ ? अबको एक डेढ वर्षमा यस्तै दुई वटा निर्वाचन गर्नुपर्नेछ । नेपाली जनताले तिरेर जम्मा भएको राज्यकोष निर्वाचन खर्चमै सिधिने पो हो कि ? यसबारे बौद्धिक जगतले सोच्नुपर्ने अवस्था छ ।

राजनीतिमा विचार र सिद्धान्त कति बुझेको, कति इमानदार र देश र जनताको सेवामा लागेको भन्दा पनि कति पैसा भएको भन्नेले निर्धारण गर्ने भयो । निर्वाचन आएपछि पार्टीहरूले पैसा भएका मान्छेहरूको खोजीनीति सुरु गर्छन् । आगामी चुनावमा पनि जनताले नामै नसुनेका कैयौँ व्यक्तिहरू अगाडि आइरहेका छन् । उनीहरू देश र जनताको सेवामा लागेर होइन, प्रशस्त पैसा भएर उम्मेदवार बनेका छन् । राजनैतिक दलका नेता, कार्यकर्ताहरू निर्वाचन खर्च जुटाउनकै लागि पनि भ्रष्टाचारी, तस्करी, गुण्डा नाइके, ठेकेदार वा उद्योगपतिहरूसँग नजिकिन बाध्य हुँदै छन् । व्यापारी, उद्योपतिहरूले पार्टीलाई करोडौँ चन्दा सहयोग गरेर टिकट हात पारेका छन् । पार्टीमा दशकौँ काम गरेकाहरूले टिकट नपाई गुण्डा नाइके भनी प्रहरीको खोजी सूचीमा रहेका बदनाम मान्छेहरूले टिकट पाएका छन् । त्यस्ता उम्मेदवारहरू जितेको अवस्थामा प्रहरीले सलाम गर्नुपर्ने ठाउँमा पुग्नेछन् । यो नेपाली राजनीतिको विडम्बनापूर्ण स्थिति हो ।

संसद्को काम देशको शिक्षा, स्वास्थ्य, खानेपानी, रोजगारी, औद्योगिक विकासको लागि नीति निर्माण गर्ने हो । त्यो बौद्धिक अभ्यास गर्ने थलो हो तर अहिले उम्मेदवारहरू गाउँ गाउँमा ससाना विकास निर्माण ल्याइदिने आश्वासन दिएर भोट माग्दै छन् । जनता पनि त्यस्तै झूटा आश्वासनको पछि दौड्दै छन् ।

करोडौँ खर्च गरेर जितेकाहरूले विगतमा जस्तै विकास निर्माणतर्फ मात्र ध्यान दिनेछन् किनभने त्यहाँबाट कमिसन आउनेछ । देशको नीति राम्रो बनाइदियो भने विकास निर्माणका लागि देशभरका स्थानीय तहहरू तयार नै छन् नि ! ससाना सबै खालका विकास निर्माणको लागि स्थानीय तहलाई क्रमश: जिम्मेवार बनाउँदै लानुपर्छ ।

पछिल्लो चरणमा पनि सांसदहरू सांसद विकास कोषको कुरा उठाउँदै छन् । सर्वोच्च अदालतले खारेज गरिसक्दा पनि अर्को नाउँमा कोष खडा गर्नुको उद्देश्य प्रस्ट छ कमिसन ।

कानुनले निर्वाचन खर्चको स्रोत खुलाउनुपर्ने भनिए तापनि उम्मेदवारहरू स्रोत लुकाएर रसिद निर्वाचन आयोगमा पेश गर्छन् । निर्वाचन आयोगमा पेस गर्नेभन्दा कैयौँ गुणा बढी उम्मेदवारहरूले निर्वाचनमा खर्च गरेका हुन्छन् । नेकाका नेता सशाङ्क कोइरालाले सार्वजनिक रूपमै भनेका थिए– पहिलो निर्वाचनमा ८० हजार, दोस्रोमा ३ करोड र तेस्रोमा ६ करोड खर्च भयो । आचारसंहिताको हाकाहाकी उल्लङ्घन गर्दा पनि निर्वाचन आयोगले कुनै कारबाही गरेन । अनि कसरी निर्वाचन निष्पक्ष र स्वतन्त्र हुन्छ भनेर विश्वास गर्ने ?


***बाँकी पृष्ठ ८ मा***



**बाह्य विज्ञापन (होर्डिङ बोर्ड) राख्दा ध्यान दिऔं।**

- बाह्य विज्ञापन (होर्डिङ बोर्ड) राख्न र त्यसमा विज्ञापन गर्न स्थानीय तहको अनुमति लिऔं।
- अनुमति लिंदा होर्डिङ बोर्ड राख्ने स्थान र आकार प्रकारबारे उल्लेख गरौं।
- होर्डिङ बोर्ड राख्न उपयुक्त भए नभएको स्थानीय तहले जाँचबुझ गरेरमात्र अनुमति प्रदान गरौं।
- सहर तथा घना बस्तीमा होर्डिङ बोर्ड राखिने भएकोले जिउ धनको क्षति हुने/नहुने प्राविधिक निरीक्षण गराऔं।
- अनुमति दिँदाको तोकिएको शुल्क प्राप्त गरौं।
- बाह्य विज्ञापन गर्दा अनुमति शुल्क, नविकरण शुल्क, बहाल वा बहालकर तथा विज्ञापन कर संकलन गरौं।
- बाह्य विज्ञापनलाई स्थानीय तहको आम्दानीको स्रोतको रूपमा विकास गरौं।
- बाह्य विज्ञापनको लागि विज्ञापन (नियमन गर्ने) ऐन, २०७६ अनुरूप स्थानीय तहले विज्ञापन ऐन निर्माण गरौं।

स्थानीय तहको आम्दानी वृद्धि गरौं, गाउँ तथा शहर सुन्दर बनाऔं।

नेपाल सरकार
विज्ञापन बोर्ड



ढुङ्गेधारा

काठमाडौँको शङ्खरापुर नगरपालिका-८ स्थित बज्रयोगिनी मन्दिर परिसरमा रहेको ढुङ्गेधारा ।

*तस्बिर : हरिराम भेटुवाल/ रासस*

# ट्राफिक सचेतना कार्यक्रम



भक्तपुर, २० माघ । ट्राफिक प्रहरी कार्यालय चुनदेवी, भक्तपुरको सहयोगमा विद्या आर्जन बोर्डिङ स्कूलमा अध्ययनरत कक्षा ६ देखि १० सम्मका विद्यार्थीहरूका लागि ट्राफिक सचेतना कार्यक्रम सञ्चालन गरिएको छ ।

ट्राफिक नियमको अज्ञानताका कारण मानिसहरू अकालमै ज्यान गुमाउन बाध्य भइरहेको प्रसङ्ग उल्लेख गर्दै उक्त कार्यालयकी इन्स्पेक्टर झरना सोनारले विद्यार्थीहरूले सडक नियम राम्रोसँग जान्नुपर्ने र आफूले सिकेका नियम घरपरिवारका सदस्यहरूलाई पनि जानकारी गराउनुपर्नेमा जोड दिनुभयो । उहाँले आफू सडक अनुशासनमा बसे तापनि अरूको गल्तीका कारण दुर्घटनामा पर्नसक्ने सम्भावना रहने भएकोले सबैले सधैँ सचेत रहन अनुरोध गर्नुभयो ।

कार्यक्रममा चेतनामूलक तथा सूचनामूलक चिह्न, ट्राफिक लाइट, मोटरसाइकल चालक तथा पछाडि सवार यात्रुले अनिवार्य रूपमा हेलमेट लगाउनुपर्ने, सवारी साधनमा यात्रा गर्दा सिटबेल्ट बाँध्नुपर्ने, सवारी साधनको झ्यालबाट कुनै पनि अङ्ग बाहिर निकाल्न नहुनेलगायतका विषयमा जानकारी दिइयो । ट्राफिक नियमनसम्बन्धी तालिम लिई ट्राफिक स्वयंसेवकको रूपमा कार्य गर्न विद्यार्थीहरूलाई प्रेरित गरिएको थियो ।

प्रश्न-उत्तर सत्रमार्फत थप जिज्ञासा समाधान भएसँगै विद्यार्थीहरू लाभान्वित भएको र यस्ता सचेतनामूलक कार्यक्रम सबै विद्यालयमा सञ्चालन गर्न उपयुक्त हुने धारणा सहभागी विद्यार्थीहरूले व्यक्त गरेका थिए ।

कार्यक्रमको अन्त्यमा विद्यालयका प्रिन्सिपल पुरुषोत्तम ग्वाछ्छाले कार्यक्रम सहजीकरण गर्नुहुने इन्स्पेक्टर झरना सोनार तथा ट्राफिक प्रहरी यशोदा रोकायालाई विद्यालयको तर्फबाट मायाको चिनो प्रदान गर्नुभएको थियो ।

# प्रगतिशील गीत प्रतियोगिताको सेन्सर सम्पन्न

भक्तपुर, २० माघ । नेपाल मजदुर किसान पार्टीको ५२ औँ स्थापना दिवसको अवसरमा हुने भक्तपुर नगरव्यापी प्रगतिशील गीत प्रतियोगिताको सेन्सर मङ्गलबार सम्पन्न भयो ।

स्थापनाकालदेखि देश र जनताप्रति समर्पित भई देशको सार्वभौमिकता, भूअखण्डता र देश विकासका लागि निरन्तर सङ्घर्षरत नेपाल मजदुर किसान पार्टीको ५२ औँ वर्षमा प्रवेश भएको सुअवसरमा देशको राजनीतिक अस्थिरतामा देशभक्त नेपाली जनता सतर्क र सङ्गठित हुनुपर्नेमा जोड दिई यही माघ २४ गते, शनिबार भनपा वडा नं १० स्थित थालाछेँ/दथुत्वमा प्रगतिशील गीत प्रतियोगिता आयोजना गर्ने आयोजक नेमकिपा भनपा १० वडा समितिले बताएको छ ।

उक्त प्रतियोगितामा सहभागी हुन नाम दर्ता गराएका ३२ वटा टोली/समूहको गीत सेन्सरबाट २३ ओटा टोली/समूह प्रतियोगिताका लागि छनोट भएको आयोजक समितिले जनाएको छ ।

| समूहको नाम | ठेगाना |
|---|---|
| पासापुचः सूर्यमढी | भनपा ९ |
| नेपाल क्रान्तिकारी विद्यार्थी सङ्घ २ वडा समिति | भनपा २ |
| ब्रह्मायणी पिठ भजन मण्डल | भनपा ९ |
| वाकुपतिनारायण ढल्चा भजन मण्डल (ख) | भनपा ९ |
| श्रमिक कला सदन | भनपा ३ |
| नेपाल क्रान्तिकारी सांस्कृतिक सङ्घ ३ वडा समिति | भनपा ३ |
| सिद्धि मंगलधर्म दीप ज्ञानमाला भजन खल: | भनपा७ |
| गय् भीमसेन भजन खल: | भनपा ५ |
| भुलांचां गणेश भजन खल: | भनपा ४ |
| नागपुखु भजनखल: | भनपा १० |
| महालक्ष्मी दथुत्वचा भजन खल: | भनपा १० |
| मचो भैरव भजन खल: | भनपा ८ |
| नागपुखु भजन खल: | भनपा १० |
| च्वङा गणेश भजन खल: | भनपा १ |
| चोखाविनायक भजन मण्डल | भनपा १० |
| बाराही अजिमा भजन मण्डल | भनपा १ |
| यातु गणेश भजन मण्डल | भनपा १० |
| कमिचागल्ली दिदीबहिनी समूह | भनपा ९ |
| जेन्यइन सेकेन्डरी स्कूल | भनपा १० |
| प्रभात ई. सेकेन्डरी स्कूल | भनपा ६ |
| उमा महेश्वर भजन मण्डल | भनपा ८ |
| जेलाँ सांस्कृतिक समाज | भनपा ८ |
| वागीश्वरी मा. वि. | भनपा ९ |

प्रगतिशील गीत प्रतियोगिताको कार्यक्रम तालिका माघ २३ गते शुक्रबारको दिन प्रकाशन गरिने जानकारी आयोजक समितिले दिएको छ ।

# जुम्लाका ५२ वटा मतदानस्थल अति संवेदनशील

जुम्ला, २० माघ । आगामी फागुन २१ गते हुने प्रतिनिधिसभा सदस्य निर्वाचनका लागि जुम्लाका ५२ वटा मतदानस्थललाई अति संवेदनशीलका रूपमा वर्गीकरण गरिएको छ । मतदानस्थललाई शान्तिपूर्ण र भयरहित बनाउन सुरक्षा निकायले मतदानस्थललाई तीन तहमा वर्गीकरण गरेको जिल्ला प्रहरी कार्यालयका प्रहरी नायब उपरीक्षक रबिनबाबू रेग्मीले जानकारी दिनुभयो ।

एक नगरपालिकासहित सात गाउँपालिका रहेको यहाँ जिल्लाभरि ८५ वटा मतदानस्थलमध्ये ५२ वटालाई अति संवेदनशील रूपमा वर्गीकरण गरिएको हो । १८ वटा मतदानस्थललाई संवेदनशील रूपमा राखिएका छन् ।

# व्यक्तिगत डेटा संरक्षणको लागि कानुन नहुँदा चोरीका घटना बढ्दै

**- हेमन्त जोशी**

काठमाडौँ, २० माघ । पछिल्ला वर्षमा नागरिकका विवरणलाई बैङ्किङ सेवा, सामाजिक सुरक्षा, बीमा, सरकारी अनुदान र विभिन्न सार्वजनिक सेवासँग क्रमशः एकीकृत र अनिवार्य बनाउँदै लगिएको छ । राज्यले यसलाई 'डिजिटल इकोसिस्टम' एकीकरणको आधार मानेको छ ।

एउटै परिचयका आधारमा नागरिकले सेवा पाउने, कागजी झन्झट घट्ने र सेवा प्रवाह प्रभावकारी हुने सरकारी दाबी छ । व्यवहारमा कतिपय सेवा छिटो भएका पनि छन् । तर, यस्तो प्रयोजनका लागि प्रयोग हुने व्यक्तिगत डेटा संरक्षणको विषय भने नेपालमा अझै नीति र कानुनविहीन अवस्थामा छ ।

नागरिकका नाम, ठेगाना, उमेर, पारिवारिक विवरण, बायोमेट्रिक सूचना, स्वास्थ्य अभिलेख, वित्तीय अवस्था, सम्पत्ति विवरण, शैक्षिक प्रमाणपत्रदेखि मोबाइल नम्बर र डिजिटल गतिविधिसम्मका विवरण राज्य र निजीक्षेत्र दुवैले सङ्कलन गरिरहे पनि ती विवरण क-कसले सङ्कलन गऱ्यो ? कुन निकायसँग साझा गरियो ? कति समय राखिन्छ ? र कति सुरक्षित छन् भन्नेबारे नागरिक अनभिज्ञ छन् । सङ्कलित डेटा चुहावट वा दुरूपयोग भएमा त्यसको जिम्मेवारी कसले लिने र पीडितले कसरी न्याय पाउने भन्ने स्पष्ट कानुनी आधार बनिसकेको छैन ।

राष्ट्रिय परिचयपत्र, राहदानी, मतदाता परिचयपत्र, सवारी चालक अनुमतिपत्र, करदाता दर्ता, सामाजिक सुरक्षा भत्ता, स्वास्थ्य बीमालगायत अनेकौँ सेवाका लागि नागरिकका विस्तृत व्यक्तिगत विवरण सङ्कलन गरिन्छ । यस्ता विवरण केवल सरकारी निकायमा मात्र सीमित छैनन् । बैङ्क तथा वित्तीय संस्था, दूरसञ्चार कम्पनी, अस्पताल, बीमा कम्पनी, अनलाइन प्लेटफर्म र अन्य व्यावसायिक संस्थाले पनि ठूलो मात्रामा व्यक्तिगत डेटा सङ्कलन र भण्डारण गरिरहेका छन् ।

नागरिकको निजत्व, सम्पत्ति, तथ्याङ्क, लिखित तथा अन्य व्यक्तिगत सूचनाको गोपनीयताको हक व्यवहारमा सुनिश्चित हुन सकेको छैन । यस्ता संवेदनशील डेटा सुरक्षित नहुँदा पहिचान चोरी, आर्थिक ठगी, सामाजिक बदनामी, मानसिक आघातमात्र होइन, राष्ट्रिय सुरक्षामा पनि जोखिम उत्पन्न हुनसक्ने विज्ञहरू बताउँछन् ।

नीति अनुसन्धान प्रतिष्ठानका सह-अनुसन्धानकर्ता दीपेन्द्रप्रसाद पन्तले व्यक्तिगत डेटा संरक्षणलाई सामान्य प्राविधिक वा प्रशासनिक विषयका रूपमा हेर्न नहुने बताउनुभयो ।

नेपालमा व्यक्तिगत डेटा संरक्षणका लागि स्पष्ट नीति छैन भने छुट्टै कानुन र प्रभावकारी संरचना बन्न सकेका छैनन् । व्यक्तिगत विवरण खुल्दा त्यसले व्यक्तिको गोपनीयतामा मात्र होइन, राष्ट्रिय सुरक्षामा प्रतिकूल प्रभाव पार्न सक्छ ।

व्यक्तिगत विवरण चुहावट हुँदा व्यक्तिको सामाजिक छवि, मानसिक अवस्था र व्यक्तिगत सुरक्षामा गहिरो असर पर्छ । नेपालमा यस्तो क्षतिको दायित्व कसले लिने र पीडितले कति क्षतिपूर्ति पाउने भन्नेबारे कुनै कानुनी व्यवस्था छैन । कानुनी दण्ड र क्षतिपूर्तिको प्रावधान नहुँदा डेटा सुरक्षालाई प्राथमिकतामा राख्ने संस्कार नै विकास हुन नसकेको पन्तको बुझाइ छ ।

साइबर सुरक्षाविद् विजय लिम्बूले वैयक्तिक गोपनीयतासम्बन्धी कानुनको प्रभावकारी कार्यान्वयन नभएको र डेटा सुरक्षाका लागि संस्थागतरूपमा कुनै नियामक निकाय बन्न नसकेको अहिलेको अवस्थामा सूचना प्रविधिका क्षेत्रमा नेपालमा काम गर्न चाहने विदेशी कम्पनी इच्छुक नहुने उल्लेख गर्नुभयो ।

ई-गभर्नेन्स बोर्डका सहसचिव अनीलकुमार दत्तले नीतिको मस्यौदा तयार भइसके पनि प्रक्रिया ढिलो भएको स्वीकार गर्नुभयो ।

व्यक्तिगत डेटा संरक्षणसम्बन्धी कानुन नहुँदा डेटा सङ्कलन, स्थानान्तरण, वर्गीकरण र साझेदारीका लागि कुनै स्पष्ट मापदण्ड छैन । कुनकुन निकाय डेटा सङ्कलन, प्रशोधन र विश्लेषणमा संलग्न छन् भन्ने तथ्यसमेत अस्पष्ट छ । प्रविधिको प्रयोगलाई बढावा दिइरहँदा त्यसले निम्त्याउने सुरक्षाका विषयलाई नजरअन्दाज गर्न नहुने राष्ट्रिय सूचना प्रविधि केन्द्रका कार्यालय प्रमुख मनिष भट्टराईले बताउनुभयो ।

व्यक्तिको डेटा सङ्कलनदेखि विसर्जनसम्म कानुनबमोजिम भए/नभएको सुनिश्चित गर्ने संयन्त्र छैन । अनधिकृत प्रयोग भएमा कसरी कानुनी दायरामा ल्याउने भन्ने स्पष्ट छैन । डेटा सङ्कलन गर्दा व्यक्तिको सहमति लिने प्रचलनसमेत स्थापित हुन सकेको छैन ।

**अभिलेखविहीन आँकडा**

विभिन्न सरकारी तथा गैरसरकारी कार्यालयको सूचना प्रणाली तथा सम्बन्धित सर्भरमा अनधिकृत पहुँच पुऱ्याएर व्यक्तिगत विवरण चोरी गर्ने र सार्वजनिक गर्नेक्रम पछिल्ला वर्षमा निरन्तर बढिरहेका छन् । यस्तो प्रकृतिका घटनाको एकीकृत तथ्याङ्क कुनै पनि सरकारी निकायसँग उपलब्ध छैन । राष्ट्रिय साइबर सुरक्षा केन्द्रका निर्देशक राजकुमार महर्जनले कुन निकायबाट कस्तो किसिमको सूचना चुहावट भयो र त्यसको गलत प्रयोग भयो भन्ने अभिलेख नरहेको बताउनुभयो ।

आव २०७९/८० मा साइबर ब्युरोमा दुई वटा डेटा चुहावटसम्बन्धी उजुरी दर्ता भएकामा २०८०/८१ मा तीन पुगेको थियो । उक्त सङ्ख्या २०८१/८२ मा बढेर छ पुगेको छ, जसले डिजिटल सूचना सुरक्षामा बढ्दो चुनौतीलाई स्पष्ट रूपमा सङ्केत गर्छ ।

**चोरी र चुहावटका घटना**

गत पुस २६ र २७ गते नेपाल टेलिकमको सिमकार्ड प्रयोगकर्तालाई सडक प्रदर्शनका लागि आह्वानसहित राजनीतिक प्रकृतिको 'बल्क म्यासेज' पठाइएको थियो । नेपाल दूरसञ्चार कम्पनी लिमिटेड (नेपाल टेलिकम) का प्रवक्ता रवीन्द्र मानन्धरका अनुसार 'आकाशटेल' नामक कम्पनीबाट करिब सात लाख हाराहारी नम्बरमा 'बल्क एसएमएस' गएको थियो ।

## सङ्क्षिप्त समाचार

## एक सय ३७ गोही राप्तीमा छाडियो

चितवन, २० माघ । चितवन राष्ट्रिय निकुञ्जको गोही प्रजनन केन्द्रमा हुर्काइएका १३७ गोहीलाई राप्तीमा छाडिएको छ । पछिल्लोपटक सोमबार २० वटा गोही छोडिएसँगै यस आर्थिक वर्षमा हालसम्म ती गोही प्राकृतिक बासस्थानमा छाडिएको हो ।

ती गोही राप्ती नदीमा छाडिएको निकुञ्जका सूचना अधिकारी अविनाश थापा मगरले जानकारी दिनुभयो । उहाँका अनुसार प्रजनन केन्द्रमा हुर्काइएका गोहीलाई प्राकृतिक बासस्थानमा छाड्ने गरिन्छ । यसपटक छोडिएका गोहीहरू सबै पोथी रहेको उहाँले जानकारी दिनुभयो ।

उहाँका अनुसार केन्द्रमा हुर्काएर दुई हजार २०७ गोही हालसम्म नदीमा छाडिएको छ । केन्द्रमा नदी किनारबाट सङ्कलन गरिएका गोहीका अण्डा र केन्द्रमा नै रहेका गोहीबाट जन्मिएका बच्चाहरूलाई हुर्काएर प्राकृतिक बासस्थानमा छाड्ने गरिन्छ । हाल केन्द्रमा ६३० गोही छन् । *रासस*

## निपाह भाइरसको सङ्क्रमण फैलिन नदिन पश्चिमी नाकामा निगरानी

दोधारा चाँदनी (कञ्चनपुर), २० माघ । छिमेकी मुलुक भारतमा निपाह भाइरसको सङ्क्रमण देखिएपछि नेपालमा फैलिन नदिन भारतसँग जोडिएका पश्चिमी सीमा नाकामा निगरानी बढाइएको छ । भारतसँग जोडिएका सुदूरपश्चिमका पाँच नाकामा नेपाल भित्रिने यात्रुमाथि निगरानी बढाएको सुदूरपश्चिम स्वास्थ्य निर्देशनालयका भेक्टर कन्ट्रोल निरीक्षक हेमराज जोशीले जानकारी दिनुभयो । उहाँका अनुसार कैलालीको गौरीफन्टा र खकरौला, दार्चुलाको खलङ्गा, बैतडीको झुलाघाट र कञ्चनपुरको गड्डाचौकी नाकामा रहेका हेल्थ डेस्कबाट निगरानी भइरहेको छ । जोशीले भन्नुभयो, “नाकाका सबै हेल्थ डेस्कमा सतर्कता अपनाइएको छ । हेल्थ डेस्कमा कार्यरत कर्मचारीलाई निपाह भाइरसबारे अभिमुखीकरणसमेत गराइएको छ ।” उहाँले कोभिड-१९ को समयमा बनाइएका आइसोलेस वार्ड समेत तयारी अवस्थामा राखिएको बताउनुभयो ।

भारतको पश्चिम बङ्गालमा निपाह भाइरसको सङ्क्रमण देखिएकाले यसको जोखिम पश्चिम नेपालभन्दा पूर्वी नेपालका नाकामा बढी रहेको स्वास्थ्यकर्मी बताउँछन् । जिल्ला स्वास्थ्य कार्यालयका प्रमुख दिपेन्द्रसिंह रावलले नाकामा स्थापना गरिएका हेल्थ डेस्कमार्फत सङ्क्रमणका लक्षण देखिएका यात्रुमाथि निगरानी राख्ने कार्य भइरहेको बताउनुभयो ।

प्रमुख रावलले भन्नुभयो, “नाकाबाट नेपाल भित्रिने क्रममा ज्वरो आएका र शङ्कास्पद व्यक्तिमाथि हेल्थ डेस्कका कर्मचारीले निगरानी राख्दै छन् । सङ्क्रमणको शङ्का भएका व्यक्तिको स्वाब सङ्कलन गरेर प्रदेश जनस्वास्थ्य प्रयोगशाला पठाउँछौं ।” महेन्द्रनगरस्थित महाकाली प्रादेशिक अस्पतालमा उपचारका लागि अव्यवस्था मिलाइएको प्रमुख रावलले बताउनुभयो । निपाह भाइरस चमेरो, सुँगुर र सङ्क्रमित व्यक्तिबाट सर्ने भएकाले ती माध्यमलाई विशेष ध्यान दिएर रोकथामका उपाय अपनाइएको उहाँले बताउनुभयो । *रासस*

## साना तथा मझौला उद्यम विकासका लागि नौ करोड पचास लाख अमेरिकी डलर स्वीकृत

काठमाडौं, २० माघ । विश्व बैङ्कले मुलुकमा साना तथा मझौला उद्यम (एसएमई) हरूको वित्तीय पहुँच विस्तार तथा रोजगारीमा आधारित आर्थिक वृद्धि प्रवर्द्धन गर्न नौ करोड ५० लाख अमेरिकी डलर बराबरको परियोजना स्वीकृत गरेको छ । वासिङटन डिसीस्थित बैङ्कको प्रधानकार्यालयले मङ्गलबार जारी गरेको विज्ञप्तिअनुसार परियोजनाबाट एक लाखभन्दा बढी एसएमई लाभान्वित हुने अपेक्षा गरिएको छ । साथै जोखिम साझेदारी विस्तार, वित्तीय दिगोपन सुदृढीकरण तथा महिलाद्वारा सञ्चालित व्यवसायलाई उत्पादन सुरु गर्न निक्षेप तथा कर्जा ग्यारेन्टी कोष (डीसीजीएफ) लाई सुदृढ बनाइने छ ।

यसैबिच, माल्दिभ्स, नेपाल तथा श्रीलङ्काका लागि विश्व बैङ्कका देशीय निर्देशक डेबिड सिस्लेनले उक्त परियोजनामार्फत वित्तीय पहुँच सहज बनाएर तथा कारोबारी अवरोध घटाएर वित्तीय समावेशिता विस्तार, एमएसएमईलाई क्षेत्रीय तथा विश्वव्यापी मूल्य शृङ्खलामा समेट्न सहयोग र निजी क्षेत्र नेतृत्वको रोजगारी सिर्जनामा योगदान पुग्ने बताउनुभएको छ ।

‘दिगो तथा समावेशी वित्त परियोजना’ (एसआईएफ) विश्व बैङ्कको सहयोगमा २०२४ मा सम्पन्न वित्तीय क्षेत्र स्थायित्व तथा आर्थिक वृद्धिका लागि वित्तसम्बन्धी विकास नीतिगत कर्जा (डीपीसी) शृङ्खलाअन्तर्गत गरिएका सुधारको निरन्तरता हो । *रासस*

## सात जना प्राज्ञलाई ‘विजय मल्ल नइ शताब्दी पुरस्कार’

काठमाडौं, २० माघ । नइ एकेडेमीबाट सुविख्यात नाटककार, आख्यानकार तथा कवि विजय मल्लको शताब्दी महोत्सवको अवसरमा विजय मल्लका सिर्जनात्मक योगदानको अध्ययन र विद्यावारिधि अनुसन्धानमा समर्पित भई महत्त्वपूर्ण प्राज्ञिक कार्य गरेबापत नेपाल र भारतका सात जना स्रष्टालाई ‘विजय मल्ल नइ शताब्दी पुरस्कार’ प्रदान गरिने भएको छ ।

यी पुरस्कारका राशि जनही पच्चीस पच्चीस हजार रुपियाँ रहेका छन् ।

‘विजय मल्ल नइ शताब्दी पुरस्कार’बाट पुरस्कृत हुने प्राज्ञहरूमा डा.रमा शिवाकोटी, डा. साधना पन्त ‘प्रतीक्षा’, डा. लेखराज खतिवडा, डा. गोपालप्रसाद गैरे, डा.भगवानचन्द्र ज्ञवाली, डा.नित्यानन्द खतिवडा र प्रा.डा.कृष्णराज घतानी हुनुहुन्छ । नइ एकेडेमीका कुलपति श्रीमती इन्दिरा प्रसाईंको अध्यक्षतामा आज बसेको नइ एकेडेमीको बैठकले उक्त निर्णय गरेको हो ।



**माथिल्लो मनाङतर्फ जाँदै पर्यटक**

अन्नपूर्णअन्तर्गत मनाङ ङिस्याङ गाउँपालिका -४ हुम्देबाट हिँडेर माथिल्लो मनाङतर्फ जाँदै गरेका पर्यटक । *तस्बिर: नवीन लामिछाने/रासस*

# सिचाङका सभामुखसँग नेपालको महावाणिज्यदूत निरौलाको शिष्टाचार भेट

काठमाडौं, २० माघ । चीनको सिचाङ स्वायत्त क्षेत्रको प्रादेशिक संसद्को अधिवेशनमा ल्हासास्थित नेपाली महावाणिज्यदूतावासका महावाणिज्यदूत लक्ष्मीप्रसाद निरौला विशेष अतिथिका रूपमा सहभागी हुनुभएको छ ।

उहाँ ल्हासामा यही माघ १६ गते आयोजित चिनियाँ जनराजनीतिक परामर्शदात्री सम्मेलन सिचाङ स्वायत्त क्षेत्रको चिनियाँ जनराजनीतिक परामर्शदात्री सम्मेलन तथा माघ १७ गते आयोजित जनवादी गणतन्त्र चीनको सिजाङ स्वायत्त क्षेत्रको बाह्रौं जनकाङ्ग्रेसको चौथो अधिवेशन दुबैमा एक मात्र विदेशी कूटनीतिज्ञका रूपमा सहभागी हुनुभएको हो । कुनै पनि राष्ट्रका महावाणिज्यदूत स्तरका अधिकारी संसद्मा विशेष अतिथिका रूपमा उपस्थित हुने अवसर ल्हासाका नेपाली महावाणिज्यदूतलाई मात्र प्राप्त हुने गर्दछ ।

अघिल्लो दिन माघ १६ गते भएको जनराजनीतिक परामर्शदात्री सम्मेलनमा सिचाङ स्वायत्त क्षेत्रको सरकारले सन् २०२६ मा अवलम्बन गर्नुपर्ने नीति र प्रस्तुत गरेका थिए । सोही सम्मेलनले निर्देश गरेअनुरूप भोलिपल्ट माघ १७ गते सम्पन्न भएको संसद्को अधिवेशनमा सिचाङ स्वायत्त क्षेत्र सरकारका अध्यक्ष गामा छेतेनले २०२५ मा सरकारले गरेका मूलभूत कार्यको समीक्षात्मक जानकारी प्रस्तुत गर्दै २०२६ मा सम्पन्न गरिने प्रमुख कार्यक्रम तथा बजेट प्रस्ताव गरेको नेपाली महावाणिज्य दूतावासले जनाएको छ ।

उक्त अवसरमा चिनियाँ जनकाङ्ग्रेस स्थानीय समिति अध्यक्ष तथा सिचाङ स्वायत्त क्षेत्रीय जनकाङ्ग्रेस अध्यक्ष लुओ साङफ जियान काङले धार्मिक मामिलासम्बन्धी मस्यौदा नियमहरूको व्याख्या पेस गर्नुभएको थियो ।

सो अवसरमा सिचाङ स्वायत्त क्षेत्रलाई दक्षिण एसियाको उच्चस्तरीय प्रवेशद्वारका रूपमा विस्तार गर्दै गहिरो विश्वव्यापी सम्बन्धलाई बढावा दिने आफ्नो प्रतिबद्धता व्यक्त गरिएको थियो । यस वर्षको सरकारी नीति बजेट तथा कार्यक्रमा छिमेकी देशसँगका सीमा बिन्दुहरूमा पूर्वाधार विकासमा जोड दिइएको छ ।

संसद् बैठकलगत्तै महावाणिज्यदूतले सिचाङ सरकारका उपमहासचिव एवम् जातीय, धार्मिक तथा वैदेशिक मामिला समितिका अध्यक्ष सभामुख दान्चेन लुन्चुसँग शिष्टाचार भेटघाट गर्नुभएको थियो र सो भेटका अवसरमा महावाणिज्यदूतले नेपाल-चीन सम्बन्धका विविध आयाममाथि चर्चा गर्दै हालसम्म चीनले नेपालको विकासमा पुऱ्याएको सहयोगका लागि धन्यवाद ज्ञापन गरेको छ ।

उहाँले नेपालका सङ्घीय तथा प्रादेशिक संसद्सँग सिचाङ स्वायत्त क्षेत्रको संसद्को भगिनी सम्बन्ध कायम गरी अनुभव आदान-प्रदान गर्न सके दुवै पक्ष लाभान्वित हुनसक्ने भन्दै अध्यक्ष लुन्चुलाई उपयुक्त समयमा नेपाल भ्रमणका लागि अनुरोध गर्नुभयो भने अध्यक्ष लुन्चुले सिचाङलगायत चीनको विकासबाट नेपालजस्तो असल छिमेकी राष्ट्र लाभान्वित हुन सक्ने बताउँदै आफू र आफ्नो सरकार त्यसका लागि सदैव तयार रहेको बताउनुभयो ।

भेटमा द्विपक्षीय हितका अन्य विविध विषयमा छलफल भएको थियो भने दुवै पक्षबिच रहेको सम्बन्ध अझ बलियो बनाउन क्रियाशील रहने प्रतिबद्धता व्यक्त गरिएको थियो । *रासस*

# निर्वाचन आउन ३० दिन बाँकी : छानबिनपछि समानुपातिक बन्दसूचीबाट ७६ जनाको नाम हट्यो

काठमाडौं, २० माघ । आगामी फागुन २१ गते हुने प्रतिनिधिसभा सदस्य निर्वाचनको समानुपातिक निर्वाचन प्रणालीतर्फको बन्दसूचीबाट ७६ जनाको नाम हटाइएको निर्वाचन आयोगले जनाएको छ ।

राजनीतिक दलहरूले पेस गरेका उम्मेदवारको बन्दसूचीमाथि निर्वाचन आयोगले छानबिन गर्दा ७६ जनाको नाम हटाउने निर्णय गरिएको प्रवक्ता नारायणप्रसाद भट्टराईले मङ्गलबार जारी गर्नुभएको विज्ञप्तिमा उल्लेख छ ।

समानुपातिक निर्वाचन अधिकृतको कार्यालयमा पर्न आएका उजुरी, प्रचलित कानुनले तोकेको उम्मेदवारको योग्यता तथा अयोग्यतासम्बन्धी व्यवस्था, निर्वाचन आयोगबाट विभिन्न मितिमा भएका निर्णय र राजनीतिक दलबाट प्राप्त जानकारीका आधारमा उम्मेदवारहरूको विवरण रूजु गरिएको उहाँले बताउनुभयो ।

नाम हटाइनेमा नेपाली काङ्ग्रेसबाट एक, नेपाल कम्युनिस्ट पार्टी (एमाले) बाट एक, नेपाली कम्युनिस्ट पार्टीबाट तीन जना समानुपातिक उम्मेदवारको नाम हटाइएको विज्ञप्तिमा उल्लेख छ । प्रवक्ता भट्टराईका अनुसार कर्जा सूचना केन्द्रको कालोसूचीमा रहेका २१, प्रदेशसभा सदस्य समानुपातिक निर्वाचन प्रणालीतर्फको बन्दसूचीमा नाम कायम रहेका २५, निर्वाचन आयोगबाट तोकिएको जरिवाना भुक्तान नगरेका १०, दुई वर्ष उमेर पूरा नभएका चार, मतदाता नामावलीमा नाम समावेश नभएका एक र मतदाता नामावली पिछडिएका क्षेत्रमा नरहेका दुई जनाको नाम हटाइएको हो ।

यसैगरी, महिला उम्मेदवार पेस हुनुपर्ने स्थानमा पुरुष उम्मेदवार पेस गरिएका कारण एक जनाको नाम हटाइएको छ । सम्बन्धित राजनीतिक दलकै आग्रहमा १० जनाको नाम बन्दसूचीबाट हटाइएको प्रवक्ता भट्टराईले बताउनुभयो । माथि उल्लेख गरिएका कारणमध्ये एकभन्दा बढी कारण परेका दुई जना पनि बन्दसूचीबाट हटाइएका छन् । *रासस*

# बाँकेमा आठ हजार बढीलाई एचपीभी खोप लगाइँदै

नेपालगन्ज, २० माघ । बाँकेमा पाठेघरको क्यान्सरविरुद्ध आठ हजारभन्दा बढीलाई एचपीभी खोप लगाइने भएको छ । मङ्गलबार यहाँ भएको खोप समन्वय समिति, बाँकेको बैठकमा जिल्ला स्वास्थ्य कार्यालयकी प्रमुख सुनिता पौडेलले सो जानकारी दिनुभयो ।

उहाँका अनुसार जिल्लामा विद्यालय जाने छ हजार ५३१ र विद्यालय नजाने दुई हजार ५३ गरी कुल आठ हजार ५८४ जनालाई एचपीभी खोप लगाइने छ । त्यसमध्ये पनि राप्तीसोनारी गाउँपालिकामा ७२०, कोहलपुर नगरपालिकामा एक हजार ७०६, बैजनाथ गाउँपालिकामा ८८०, एक हजार १९, जानकी गाउँपालिकामा ६७२, नेपालगन्ज उपमहानगरपालिकामा दुई हजार ४२४, डुडुवा गाउँपालिकामा ४४१ र नरैनापुर गाउँपालिकामा ७२१ जनालाई खोप लगाइने छ ।

खास गरी कक्षा ६ मा अध्ययन गर्ने छात्राहरू, विद्यालय नजाने १० वर्षीया किशोरी र गत वर्ष सञ्चालित एचपीभी खोपका लागि निर्धारण लक्षित समूह किशोरी तथा छात्रामध्ये खोप लगाउन छुटेका हाल कक्षा ७ देखि १० कक्षासम्म अध्ययनरत छात्रा र ११ देखि १४ वर्ष उमेरका किशोरीलाई खोपको लक्षित समूह मानिएको छ । “यो खोपले एचपीभी प्रजाति १६ र १८ को कारणबाट सङ्क्रमण हुने पाठेघरको मुखको क्यान्सर हुनबाट सुरक्षित गर्छ,” प्रमुख पौडेलले भन्नुभयो । नेपालमा औसतमा प्रत्येक दिन पाठेघरको मुखको क्यान्सरका कारण चार जना महिलाको मृत्यु हुने गरेको जानकारी दिनुभयो ।

भेरी अस्पतालका मेडिकल सुपरिटेन्डेन्ट डा. निराजन सुवेदीले पाठेघरको मुखको क्यान्सरविरुद्धको खोप चिकित्साको क्षेत्रमा ठूलो उपलब्धि भएको उल्लेख गर्नुभयो ।

जिल्लामा यही माघ २५ देखि फागुन ४ गतेसम्म लगाइने सो खोप राप्तीसोनारी गाउँपालिका र कोहलपुर नगरपालिकामा २६ गतेदेखि मात्रै लगाउन सुरु गरिने छ । गत वर्ष बाँकेमा ३३ हजार ७५९ जनालाई सो खोप लगाइएको थियो । *रासस*

। सम्पादकीय ।

# बहुमत जनताको हित गर्न क्रान्तिकारी संसद्वाद

पुँजीवादी चुनावबाट समाजवाद आउँछ भन्ने कुरा कुनै पनि दलले विश्वास गर्नु हुँदैन । कम्युनिस्टहरू त यो कुरा झनै विश्वास गर्दैनन् । राजनीतिक सचेतता र सङ्गठित शक्तिको अभावमा, पैसा, प्रशासन, धाक, धम्की, साम, दाम, दण्ड र भेद नीतिको आधारमा सर्वसाधारण जनतालाई पैसाको लोभ लालचमा भुलाएर मत लिने काम कुनै पनि प्रजातान्त्रिक र कम्युनिस्ट दललाई सुहाउँदैन । देश र जनताको निःस्वार्थ सेवा गर्ने, श्रमजीवी जनतालाई सत्तामा पुऱ्याउने उद्देश्य लिएका कम्युनिस्ट पार्टीहरूले पुँजीवादी चुनावलाई उपयोग गर्नुपर्छ; उपयोग गरेर बढी भन्दा बढी जनताको सेवा गर्नुपर्छ । कम्युनिस्टहरूले पुँजीवादी सत्तामा पुग्ने उद्देश्यले निर्वाचनलाई उपयोग गर्ने होइन । बरु, कम्युनिस्ट पार्टीले पुँजीवादको अवगुण, कमी कमजोरी उदाङ्ग्याउँदै समाजवादी व्यवस्था मात्र कामदार जनताको पक्षमा हुनसक्नेतर्फ प्रचारप्रसार गर्नुपर्छ ।

फागुन २१ गते हुन लागेको प्रतिनिधिसभाको निर्वाचनमा कति राजनीतिक दलहरू जसरी भए पनि जित्ने र सरकारको नेतृत्व गर्ने भनी लागिरहेका छन् । सरकारमा गइसकेका दलहरूको मात्रै चुनावमा प्रचार प्रसार गरी अर्को दललाई छायामा राख्ने काम सरकारी र ठुला सञ्चारमाध्यमले गरिरहेको आभास हुन्छ । नेपाल मजदुर किसान पार्टीले जसरी भए पनि जित्ने राजनीति लिएको छैन । नेमकिपा क्रान्तिकारी संसद्वादको बाटोको पक्षमा छ । कामदार जनताको ठुलो र दीर्घकालीन हितको निम्ति संसद् र निर्वाचनलाई उपयोग गर्ने नीति नेमकिपाको रहेको छ ।  नेमकिपा प्रखर  प्रतिपक्षको रूपमा रहेर संसद्भित्र र बाहिर रहेर सङ्घर्ष गर्दै आएको सबैलाई अवगतै छ ।

समाजवादी व्यवस्थाले मात्रै कामदार जनताको हित गर्छ । तर, यो व्यवस्था निर्वाचनबाट सम्भव छैन । समाजवादी क्रान्तिले मात्रै समाजवादी व्यवस्था गर्नसक्छ । यसको लागि व्यापक जनता वर्गीय र राजनीतिक रूपले सचेत र सङ्गठित हुनुपर्छ । बहुमत जनतालाई समाजवादी क्रान्तिको निम्ति सचेत र सङ्गठित गर्न मार्क्सवादी र लेनिनवादी शिक्षा र अनुभवको जानकारी दिनुपर्छ । समाजवादी व्यवस्थाको आधारभूमि पुँजीवादी व्यवस्थामै हुने हुँदा त्यसको निम्ति वर्तमान पुँजीवादी प्रजातान्त्रिक आन्दोलनलाई कामदार जनताको हितमा अगाडि बढाउनु जरुरी छ । पुँजीवादी प्रजातन्त्रमा कामदार जनताको हितमा सङ्घर्ष गर्न नै संसदलाई उपयोग गर्नुपर्ने हो । आदर्श समाजको निम्ति समाजवादी चरणबाट अगाडि बढाउनुपर्छ ।

समाजवाद शान्तिपूर्ण आन्दोलनबाट सम्भव छैन । समाजवाद वर्गसङ्घर्ष या राजनीतिक सङ्घर्षबाट मात्र प्राप्त गर्न सकिन्छ । पुँजीवादी व्यवस्थाले कामदार जनताको पक्षमा काम नगरेको कुरा इतिहासले देखाइसकेको छ । बरु, पुँजीवादी पार्टीले कामदार जनताको भोट लिएर, कामदार जनताको काँधमाथि टेकेर सरकारको नेतृत्व गर्दै छ र उनीहरूमाथि नै शोषण गर्दै छ । उनीहरूकै भोट लिएर उनीहरूकै अहितमा काम गर्ने दललाई के जनताले फेरि जिताउनु उचित हुन्छ ? देशभरका मतदाताले कुन दलले कुन वर्गको सेवा गर्छ ? कुन वर्गको पक्षमा ऐन कानुन बनाउँछ र बनाउन जोड दिन्छ भन्ने कुरा थाहा पाउनुपर्छ । निर्वाचनमा श्रमजीवी जनता धेरै पटक भुलेर, चुकेर कसैको लहैलहैमा, लोभमा फसेर पुँजीवादी पार्टीका उम्मेदवारलाई नै जिताउनेतर्फ लागे । पैसाको कारण देशमा बहुमत जनताले दुःख पाएका हुन्; देशमा राजनीतिक अस्थिरता मात्र होइन राजनीतिक सङ्कट र आर्थिक सङ्कट देखिएको हो । अतः यो निर्वाचनको बेला नेपाली जनता पनि चनाखो हुनुपर्छ ।

# ट्रम्पले ग्रिनल्यान्डलाई अमेरिकामा गाभ्न खोज्नुको अर्थ

✍ **मनोज जोशी**

स्पष्ट रूपमा ट्रम्पको ग्रिनल्यान्ड गाथा उनको मनमोहक स्वभावसँग जोडिन्छ । कसैकसैले भन्छन् कि ग्रिनल्यान्डको स्वामित्व लिने उनको चाहना सन् १८०३ मा जेफर्सनले लुइसियाना खरिदका लागि देखाएको इच्छा र नोबेल शान्ति पुरस्कार नपाएको आक्रोशबाट उत्पन्न भएको हो । अरूले तर्क गर्छन् कि उनी प्राकृतिक स्रोत हडप्ने नवसाम्राज्यवादी हुन् । उनको आफ्नै शब्दमा उनको इच्छा केवल उनको 'आफ्नै नैतिकता' ले निर्देशित छन् ।

ट्रम्पले आफ्नो पहिलो कार्यकालमा २०१९ मा पहिलोपटक ग्रिनल्यान्ड खरिद गर्ने चाहना व्यक्त गरेका थिए । यो टापु ३०० वर्षदेखि डेनमार्कको अंश रहेको छ । डेनिस र ग्रिनल्यान्ड दुवैले ट्रम्पको प्रस्ताव अस्वीकार गरेका थिए । २०२४ मा अमेरिकी रक्षा मन्त्रालयले आफ्नो आर्कटिक रणनीति जारी गऱ्यो, जसमा यस क्षेत्रलाई 'जनवादी गणतन्त्र चीनको चुनौती' को एक हिस्साको रूपमा वर्णन गरिएको थियो । मन्त्रालयले 'निगरानी र प्रतिक्रिया' दृष्टिकोण अपनाएको थियो । जुन २०२५ मा ट्रम्पले ग्रिनल्यान्डको दायित्व अमेरिकी युरोपेली कमान्डबाट उत्तरी कमान्डमा हस्तान्तरण गरे र यसलाई मातृभूमि रक्षामा एकीकृत गरे ।

गत साता विश्वव्यापी व्यापार र राजनीतिक अभिजात वर्गको वार्षिक सम्मेलन डाभोसमा ग्रिनल्यान्डमाथिको नाटक फेरि मञ्चन भयो । डोनाल्ड ट्रम्पले यो कार्यक्रमलाई प्रभावकारी रूपमा अपहरण गरे र ग्रिनल्यान्डको अधिग्रहणका लागि जोडदार माग गरे । आफ्नो मागको प्रतिरोध गरेकोमा अमेरिकाले आफ्ना युरोपेली व्यापारिक साझेदार र सैन्य सहयोगीमाथि शुल्क बढायो । अन्ततः डाभोस अपमान, धम्की र अवहेलना गर्ने ठाउँ बन्यो । ट्रम्प आफ्नो धम्कीबाट पछि हटे, शुल्क फिर्ता लिए र अमेरिकाले डेनमार्कसँग 'भविष्यका सम्झौताका लागि एक रूपरेखा' बनाएको दाबी गरे ।

भूराजनीतिक मुद्दाको रूपमा ग्रिनल्यान्डको उदय जलवायु परिवर्तनको प्रत्यक्ष परिणाम हो । निरन्तर घट्दो बरफका कारण अर्को दशकमा ग्रिनल्यान्डले गर्मीयाममा बरफ गुमाउने अपेक्षा गरिएको छ । यसले भूराजनीतिक र भूआर्थिक तनावलाई तीव्र बनाउनेछ । बरफको पत्र फुट्दै जाँदा ग्रिनल्यान्डले लगभग २८० अर्ब टन बरफ गुमाइरहेको छ ।

१९९६ मा आठ देशले आर्कटिक परिषद् स्थापना गरे । नर्वेमा सचिवालय भएको यस अन्तरसरकारी मञ्चले आर्कटिक देशहरू- क्यानडा, डेनमार्क, फिनल्यान्ड, आइसल्यान्ड, नर्वे, रुस, स्विडेन र संयुक्त राज्य अमेरिकाबिच सहयोग, समन्वय र अन्तर्क्रियालाई प्रवर्द्धन गर्न मद्दत गऱ्यो । भारत, चीन र जर्मनीसहित अठतीस गैरआर्कटिक देशले पर्यवेक्षकको हैसियत राखेका छन् । तर, हालैका विवादमा परिषद्ले थोरै मात्र बोलेको छ । उल्लेखनीय कुरा के छ भने तनाव अमेरिका र उसका कथित प्रतिद्वन्द्वी, चीन र रुसबिच उत्पन्न भएको छैन, बरु वासिङटन र उसका एट्लान्टिक सहयोगीबिच उत्पन्न भएको छ । यो सङ्कट केही समयदेखि विकसित भइरहेको छ, राष्ट्र सङ्घले 'अन्तर्राष्ट्रिय कानुनको शासन', सार्वभौमिकता र संयुक्त राष्ट्र प्रणालीको समर्थन गरिरहेको छ, जबकि अमेरिकाले प्रभुत्व । क्यानडाका प्रधानमन्त्री मार्क कार्नीले भनेझैँ अमेरिकी मनोवृत्तिले 'सङ्क्रमण होइन, विच्छेद' निम्त्याएको छ ।

**रणनीतिक महत्त्व**

जब तपाईं उत्तरी ध्रुवमा केन्द्रित विश्वलाई हेर्नुहुन्छ, तब मात्र तपाईंले यस क्षेत्रको रणनीतिक महत्त्वलाई बुझ्नुहुन्छ । क्यानडा र रुस दुई छेउमा आर्कटिकको किनारमा छन् भने नर्वे तिनीहरूको साथमा छ । तिनीहरूबिच आइसल्यान्ड र ग्रिनल्यान्ड छन् । क्षेप्यास्त्र युग र शीतयुद्धदेखि यो रुसी र अमेरिकी क्षेप्यास्त्र एक-अर्कालाई लक्षित गर्ने सबैभन्दा छोटो मार्गको रूपमा हेरिएको छ । ट्रम्पले ग्रिनल्यान्डलाई रणनीतिक रूपमा महत्त्वपूर्ण मान्नुको कारण पनि यही हो ।

काल्पनिक युद्धमा ग्रिनल्यान्ड रुस, चीन र संयुक्त राज्य अमेरिकाबिच यात्रा गर्ने क्षेप्यास्त्रको उडान मार्गमा स्पष्ट रूपमा रहनेछ । ट्रम्पले तर्क गर्छन् कि ग्रिनल्यान्ड उनको प्रस्तावित 'गोल्डेन डोम' क्षेप्यास्त्र रक्षा योजनाका लागि महत्त्वपूर्ण हुनेछ, जुन उनले २०२९ सम्ममा सञ्चालन हुने दाबी गर्छन् । 'गोल्डेन डोम र आधुनिक समयमा हतियार प्रणाली, आक्रामक र रक्षात्मक दृष्टिले महत्त्वपूर्ण,' ट्रम्पले जनवरी २२ मा आफ्नो ट्रुथ सोसल पोस्टमा भने ।

अमेरिकाले पहिले नै यस क्षेत्रमा रहेको एक मात्र आधार पिटुफिकमा सञ्चालन गरिरहेको छ, जुन १९५१ मा स्थापित भएको थियो । पिटुफिक आज महत्त्वपूर्ण छ, तर भोलि अमेरिका मिसाइल प्रक्षेपण पत्ता लगाउन अन्तरिक्षमा आधारित सेन्सरमा बढ्दो रूपमा भर पर्नेछ । ग्रिनल्यान्ड अझै पनि इन्टरसेप्टर मिसाइल राख्नका लागि उपयोगी हुन सक्छ र ट्रम्पको तर्क छ कि 'अत्यधिक जटिल प्रणाली' त्यतिबेला काम गर्छ, जतिबेला 'यो भूमि अमेरिकामा मिसाइन्छ ।' तैपनि, ग्रिनल्यान्डमा




अमेरिकाले आफ्नो सुविधा विस्तार गर्न कुनै प्रतिबन्ध छैनन् र डेनमार्क एक नेटो सदस्य हो ।

खनिजले भरिपूर्ण

ग्रिनल्यान्ड तेल र प्राकृतिक ग्यासको ठुलो भण्डारमाथि रहेको विश्वास गरिन्छ, यद्यपि अहिलेसम्म कुनै व्यावसायिक निकासी भएको छैन । यसमा ग्रेफाइट, टर्बियम, नियोडिमियम, डिस्प्रोसियम, नियोबियम र टाइटेनियमको महत्त्वपूर्ण भण्डार पनि छ । ट्रम्पले यी खनिज स्रोतलाई औंल्याएका छन्, यद्यपि डाभोसमा उनले दाबी गरे कि उनी खनिजमा रुचि राख्दैनन् । उनको भनाइमा खनिज स्रोत उत्खनन गर्न बरफबाट २५ फिट तल जानुपर्छ । वास्तविकतामा ग्रिनल्यान्डको खनिजहरूको शोषण गर्न खोज्ने कम्पनीमा कुनै प्रतिबन्ध छैन र टापु अमेरिकी लगानीका लागि खुला छ ।


२०२२ मा राष्ट्रपति जो बाइडेनको नेतृत्वमा अमेरिकाले रणनीतिक खनिज आपूर्ति शृङ्खला निर्माण र वित्तपोषण गर्न १४ देशको गठबन्धनसँग खनिज सुरक्षा साझेदारी स्थापना गऱ्यो । यसमा भारत र अस्ट्रेलिया तथा फिनल्यान्ड, नर्वे र स्विडेनजस्ता नर्डिक देश साथै युरोपेली आयोग समावेश छन् ।

*(जोशी दिल्लीस्थित अब्जर्भर रिसर्च फाउन्डेसनका अनुसन्धानकर्ता हुन् ।)*

**- द वायरबाट**



# सहिष्णु हिन्दू धर्म : भ्रम र यथार्थ – २



डीएन झा

३

मध्यकालको आरम्भ र त्यसपछिका शताब्दीहरूमा शैव-वैष्णव शत्रुताका अनगिन्ती उदाहरण पाइन्छन् । त्यस्तै, प्राचीन भारतका ग्रन्थहरूमा ब्राह्मणवाद र ब्राह्मणवादविरोधी सम्प्रदायहरूबिच सङ्घर्षका अनेक प्रमाण पाइन्छन् । उदाहरणको लागि जैन धर्मप्रति ब्राह्मणहरूको दुश्मनीको सुरुआती प्रमाण जैन धर्मग्रन्थ आयाराङ्ग सुत्तमा पाइन्छ । यो धर्मग्रन्थअनुसार जैन मुनिहरू दिनमा लुकेर बस्थे र रातमा मात्र यात्रामा निस्कन्थे । दिनमा उनीहरूलाई जासुस ठान्ने डर हुन्थ्यो । त्यस्तै, कौटिल्य अर्थशास्त्रमा गैरवैदिक सम्प्रदायका अनुयायीहरूलाई तिरस्कारपूर्वक वृषल वा पाखण्ड भनिएको छ । (उदाहरण शाक्य, आजीविक आदि) अर्थशास्त्रमा तिनको बस्ती मसानघाटमा वा घाटनजिकै बसाल्न ( पाषंडचंडालयानाम) भनिएको छ । साथै, तिनलाई देवता वा पितृको सम्मानमा दिइने रात्रिभोजमा निम्त्याउने व्यक्तिलाई कडा दण्डको व्यवस्था पनि गरिएको छ ।

सम्राट अशोकको शिलालेखमा पाइने ‘पाखण्ड’ शब्दका अर्थ निन्दात्मक होइन । किनभने उनले बौद्ध सङ्घ, ब्राह्मण र आजीवलगायत ‘अन्य धार्मिक सम्प्रदायहरू’ (पाषंदेशु) को क्रियाकलाप रेखदेख गर्नका लागि ‘धर्ममहामात्रहरू’ नियुक्त गरेका थिए । अन्य धर्मप्रति सहिष्णुता अशोकको नीतिगत चिनारी नै थियो । तर, उनीपछि यो सहिष्णुता देखिएन । प्रसिद्ध व्याकरणकार पाणिनी (इपू. दोस्रो शताब्दी) ले भने, “श्रमण र ब्राह्मणहरू साँप र न्याउरी मुसा जस्तै शाश्वत शत्रु हुन् ।” (विरोध शाश्वतिका:) तेस्रो-चौथो शताब्दीको बौद्ध ग्रन्थ दिव्यावदानमा पुष्यमित्र शुङ्गलाई बौद्धहरूप्रति चरम ज्यादती गर्ने शासकको रूपमा चित्रण गरिएको छ । बौद्ध स्तुपहरू नष्ट गरेर मात्र नपुगेर पुष्यमित्रले एक श्रमणको हत्या गरे बापत १ सय दीनार पुरस्कार दिने घोषणा गरे ।

मध्यकालको आरम्भमा बौद्ध र जैन धर्मप्रति ब्राह्मणहरूको रिसराग असाध्यै बढेको देखिन्छ । तिनका अनुयायीहरूप्रति बढेको उत्पीडन र धार्मिक वैरभावसम्बन्धी विभिन्न धर्मग्रन्थबाट यो कुरा प्रमाणित हुन्छ । सातौँ शताब्दीका उद्योतकरले बौद्ध तर्कशास्त्री नागार्जुन र दिगनागको खण्डन गरे । पछि नवौँ शताब्दीका वाचस्पति मिश्रले पनि खण्डनको यही परम्परालाई बलियो पारे । उनले बौद्ध र जैन सिद्धान्त ज्ञानको वैध परम्परासँग बाझिने अनि बौद्ध र ऋषभहरूले संसारलाई डुबाउन चाहेको बताए । यही विचार पछि गएर अर्का बुद्धविरोधी तर्कशास्त्री उदयनले दोहोऱ्याए । उनी नव्य न्याय दर्शनका संस्थापक थिए । उनले आफ्नो रचना आत्मतत्त्वविवेकमा बौद्ध धर्मको निरीश्वरवादी विचारमाथि तीखो प्रहार गरे । बौद्ध शिक्षाको ठाडो खण्डन गरेको हुनाले ‘आत्मतत्त्वविवेक’ लाई बौद्धधिक्कार ग्रन्थ पनि भनिन्छ । उदयनले अर्को पुस्तक ‘कुसुमाञ्जली प्रकरण’ मा सौगत, दिगम्बर, चार्वाक, मिमांसक र साङ्ख्यहरूको विचारको पनि खण्डन गरे । उनले न्यायकुसुमाञ्जलीको भाष्यको रूपमा यो पुस्तक लेखेका थिए ।

न्याय दर्शनका अलावा कैयन् ब्राह्मणवादी विचारकहरूले बौद्ध र जैन धर्ममाथि प्रहार गरे । आठौँ शताब्दीका दक्षिण भारतीय द्वन्द्ववादी कुमारिल भट्ट यस्तै आलोचक थिए । उनले सबै अपारम्परिक धार्मिक आन्दोलनका तमाम विचारलाई खारेज गरे । खासगरी उनले बौद्ध र जैन मतलाई अस्वीकार गरे । वेदसँग बाझिने सबथोकलाई अस्वीकार गर्नुपर्छ भन्ने उनको विचार थियो । ( विरोधे त्व अनयेक्ष्या म स्याद) उनले अवैदिक मतहरूलाई आफ्ना आमाबाको अनुकम्पा अस्वीकार गर्ने कृतघ्न र विमुख बच्चासँग तुलना गरे । किनभने, उनको विचारमा ‘तिनले वेदमा उल्लेख अहिंसाको विचारलाई नै वेदविरोधी प्रचारको साधन बनाउँछन्’ । उमेरले कान्छा तर कुमारिलकै समकालीन थिए शङ्कर । शङ्कर कुमारिलभन्दा अझ कठोर र सम्झौता नगर्ने दार्शनिक साबित भए । उनले वेदइतर सबै परम्परालाई ठाडै अस्वीकार गरे । उनले भागवत (गीता) र पञ्चरात्रिनलाई समेत खारेज गरे । उनले बुद्धलाई ‘असङ्गत प्रलाप’ (असम्बद्ध प्रलापित्वापित्व) गरेको तथा बुद्धले ‘जानाजन र घृणापूर्वक मानव जातिलाई अल्मल्याएको’ आरोप लगाए । उनले बुद्ध धर्म ‘समग्रमा असंगत’ (सर्वथानुपत्ति) भएको आरोप बताए । यसरी नै सन् १०३५ को एक शिलालेखमा एक शैव मन्दिरका पुजारी (लकुलिश पण्डित ?) लाई ‘बौद्ध सागरमा तैरिरहेको आगोको नाउ’ लेखिएको पाइन्छ । १६ औँ शताब्दीमा भागवद् गीताको भाष्य लेख्ने बङ्गाली मधुसुदन सरस्वतीले बौद्धलगायत भौतिकवादी शिक्षालाई ‘म्लेच्छ’ हरूको उपदेश भने र तिनबारे विचारै नगर्न अर्ती दिए ।

रुढीवादी दार्शनिकहरूको प्रतिध्वनि पुराणहरूमा पनि पाइन्छ । देवी पुराणमा बौद्ध धर्मावलम्बीहरूलाई दुष्टताका प्रतीक भनिएको छ । तिनलाई देख्यो कि विपत्ति आइलाग्ने र तिनीहरू सपनामा आए भने पनि अशुभ हुने भनिएको छ । त्यसैगरी, नारदीय पुराण भन्छ, “महाविनाश हुँदासमेत बौद्ध मन्दिरमा प्रवेश गर्ने ब्राह्मणले सयौँपल्ट प्रायश्चित गरे पनि ऊ (बौद्ध मन्दिर पसेको) पापबाट मुक्त हुन सक्दैन ।” यो निन्दा जैन, कापालिक र चार्वाकजस्ता फरक धर्मावम्बीहरूप्रति पनि गरिन्थ्यो भन्ने कुरा देवीभागवत पुराणमा उल्लेख छ । सौरपुराणले बौद्ध, जैन र चार्वाकहरूलाई अधिराज्यमै बस्न दिनुहुन्न भन्छ ।

आरम्भिक मध्यकालीन साहित्यमा समेत यी समूहको अति नकारात्मक चित्रण पाइन्छ । मत्तविलास प्रहसन सातौँ शताब्दीका पल्लव राजा महेन्द्रवर्मनले लेखेको व्यङ्ग्य नाटक हो । यसमा बौद्धहरूलाई पतीत, बेइमान र धर्तीका मयल भनिएको छ । नाटकमा एक भ्रष्ट बौद्ध धर्मावलम्बीलाई सोधिन्छ, “बुद्धले स्त्रीमाथि हक जमाउने र मदिरा पिउने छुट किन दिएनन् त ?” (किन्नखलु स्त्रीपरिग्रह सुरापानविद्यानम का ना द्रष्टम) प्रबोधचन्द्रोदय ११ औँ शताब्दीका कृष्ण मिश्रले लेखेको नाटक थियो । त्यसमा बौद्ध र जैन दुवै धर्मलाई तामसिक (अन्धकारबाट उत्पन्न भएका) भनिएको छ । नाटकमा बौद्ध भिक्षुलाई संसारी सुखमा लिप्त व्यक्ति र एक जैन मुनिलाई नाङ्गो, नामर्द (निर्वीय), तालुखुइले र मयुरको पङ्खा समाइरहेको व्यक्तिको रूपमा चित्रण गरिएको छ । नाटकमा असल र खराबबिच लडाइँ चल्छ; लडाइँमा बौद्ध, जैन, पाषंड (पापिष्ट), लोकायतीहरू हार्छन् । अन्त्यमा, सबै वेदविरोधी दर्शनलाई ‘वैदिक विचारको ज्वारभाटाले जरैबाट उखेल्छन्’ ।

गैरवैदिक सम्प्रदायहरू पनि ब्राह्मणवादी साहित्य र विचारको भर्त्सना गर्नमा पछि परेनन् । सातौँ-आठौँ शताब्दीका जैन तर्कशास्त्री अकलङ्कले वैदिक पशुबलिविरुद्ध विषवमन नै गरे । त्यस्तै, १२ औँ शताब्दीका प्रसिद्ध विद्वान् हेमचन्द्रले कर्मकाण्डीय हिंसाको पक्ष लिने मनुस्मृतिका श्लोकहरूलाई हिंसाशास्त्र नै भने । सातौँ शताब्दीका जैन भाष्यकार जिनदासले महेश्वर (शिव) लाई ‘आफ्नो शक्ति लुकाउने उचित स्थान खोजिरहेको एक धामीद्वारा चमत्कारी ढङ्गले दोजिया बनाइएकी एक भक्तिनीका छोरा’ भने । १६ औँ शताब्दीमा पाण्डव पुराणमा विष्णुलाई नकारात्मक चित्रण गरियो । पाण्डव पुराण महाभारतको जैन संस्करण थियो । त्यसमा कृष्णलाई ‘कपटी र स्वार्थी’ भनियो । जैन सन्तचरित्र ब्राह्मणवादी सम्प्रदायप्रति आक्रामक टिप्पणीले भरिएको छ । तिनमा जैन धर्मका महान् गुरुहरूले बौद्धहरूलाई बहसमा हराएको चर्चा बारम्बार पाइन्छ । आठौँ शताब्दीका प्रसिद्ध जैन दार्शनिक हरिभद्रले बौद्ध धर्म र वेदान्तको आलोचना पनि गरे । जैन धर्मावलम्बीहरूले बौद्ध गुफाहरू कब्जा गरेको विवरणबाट पनि बौद्धहरूप्रति तिनको शत्रुता स्पष्ट हुन्छ ।


यसैगरी, ब्राह्मणवादप्रति बौद्धहरूको घृणा पनि लुकेको तथ्य होइन । बुद्ध आफैले तीन वेदलाई ‘मूर्खतापूर्ण बकबक’ र ‘काकाकुल मरुभूमि’ भने । वेदको विवेकलाई बुद्धले ‘बाटो नभएको जङ्गल’ र ‘नर्क’ भने । (दिग्घनिकाय १, तेविज्जासुत्त) मध्यकालको आरम्भमा ब्राह्मण धर्मलगायत जैनजस्ता अन्य धर्मप्रति बौद्धहरूको शत्रुता ह्वात्तै बढ्यो । सैद्धान्तिक तहमा आठौँ शताब्दीका शान्तरक्षितले तत्त्वसङ्ग्रहजस्ता आफ्ना रचनामा बौद्ध कोणबाट न्याय, मीमांसा, साङ्ख्य र जैन दर्शनहरूको समीक्षा गरे । ब्राह्मण धर्मका देवताप्रति बौद्धहरूको घृणाभावबाट पनि ब्राह्मणवादप्रति तिनको धार्मिक विद्वेष स्पष्ट हुन्छ । तिनले विभिन्न ब्राह्मण देवता र त्यसमा पनि खासगरी शैव देवताहरूलाई बौद्ध देवीदेवताभन्दा अनुचर र अधिनस्थका रूपमा देखाए । यसकारण, मध्यकालको आरम्भमा बनेका विभिन्न बौद्ध वास्तुकलामा इतर देवीदेवताहरू कुल्चिएको अवस्थामा पाइन्छन् । शैवहरूप्रति बौद्ध र जैनहरूको शत्रुताका प्रमाण धेरै छन् । तर, यसको तुलनामा इतर सम्प्रदायप्रति शैवहरूको शत्रुताका प्रमाण कता हो कता बढी छन् । इतर सम्प्रदायप्रति शैवहरूको विद्वेष कति कडा थियो भने तिनीहरू बौद्ध र जैन ग्रन्थहरू नष्ट गर्ने हत्कण्डामा पनि उत्रिन्थे । कुन्तलकेची र विम्पिचारकतै जस्ता महत्त्वपूर्ण बौद्ध रचना लुप्त हुनुको कारण यही धार्मिक उन्माद थियो । वलैयापति र रामायण जस्ता जैन रचना हराउनुको कारण पनि यही धर्मान्धता थियो । तमिल भाषाका सिद्ध ग्रन्थहरूलाई पनि रुढीवादी शैवहरूले जानाजान नष्ट गरेका थिए ।

बौद्ध-जैनहरूप्रति ब्राह्मणहरूको गालीगलौज खोक्रा शब्द मात्र थिएनन् । सन् ५०० आसपास भारतमा मध्यकाल प्रारम्भ भएको मानिन्छ । त्यसबेलाका सन्दर्भ ग्रन्थमा बौद्ध र जैनहरूमाथि भएका अत्याचारका धेरै प्रमाण भेटिन्छन् । चिनियाँ यात्री ह्वेन साङ भन्छन् - राजा हर्षवर्द्धनका समकालीन राजा शशाङ्कले बोधगयामा बुद्धले ध्यानस्थ रहेको बोधी वृक्ष काटेका र स्थानीय मन्दिरबाट बुद्धको प्रतिमा हटाएका थिए । ह्वेन साङकै विवरणअनुसार शिवभक्त हुण शासक मिहिरकुलले १६ सय बौद्ध स्तुप र विहार ध्वस्त पारेका थिए भने हजारौँ बौद्ध भिक्षु तथा साधारण धर्मावलम्बीको हत्या गरेका थिए । उनको नृशंस कुकृत्यको प्रमाण ११ औँ शताब्दीका कल्हणको रचनामा पनि पाइन्छ । उनले कश्मीरका राजाले अघिअघि बौद्धहरूमाथि गरेको अत्याचारबारे लेखेका छन् । कल्हणको राजतरंगिणीमा बौद्ध मठहरूमा भएको लुटपाट र विध्वंसबारे उल्लेख छ । यी विनाशलीला धेरै त राजामहाराजाको धनको लोभका कारण भएका थिए । तैपनि, यसबाट बौद्धहरूप्रतिको विद्वेष पनि झल्किन्छ । सम्राट अशोकका छोरा जलौकले बौद्ध विहारमा मच्चाएको विनाश यसखाले सुरुआती विनाश थियो । जलौक शैवमार्गी थिए ।

कश्मीरमा बौद्धहरूमाथि भएको ज्यादतीको अर्को महत्त्वपूर्ण प्रमाण हो राजा क्षेमगुप्तको शासनकाल (सन् ९५०-५८) । क्षेमगुप्तले श्रीनगरको जयेन्द्रविहारलाई नष्ट गरेर त्यसको भग्नावशेषबाटै क्षेमगौरीश्वर नायक मन्दिर निर्माण गर्न लगाएका थिए । भनिन्छ, आजको उत्तर प्रदेशको सुल्तानपुर जिल्लामा भेटिने किल्लाबन्द सहरहरूका ४७ सुनसान इलाकामा कुनै बेला बौद्ध नगरहरू थिए र बुद्ध धर्ममाथि विजयी भएको खुसियालीमा ब्राह्मणहरूले तिनमा आगजनी गरेका थिए । उत्तर भारतका कतिपय पुराण तथा शिलालेखमा पनि बौद्धहरूमाथि भएको अत्याचारको प्रमाण पाइन्छ । एक तिब्बती परम्पराअनुसार ११ औँ शताब्दीका कलचुरी वंशका राजा कर्णले मगधमा कैयन् बौद्ध मठहरू नष्ट गरेका थिए । तिब्बती ग्रन्थ पाग-साम-जोन-जाङ्गमा नालन्दा विश्वविद्यालयको पुस्तकालयलाई कुनै ‘हिन्दू कट्टरपन्थी’ ले जलाएको थियो भनी लेखिएको छ । यद्यपि, नालन्दा विश्वविद्यालयलाई बख्तियार खिलजीले जलाएको भन्ने आम प्रचार छ । बौद्ध धर्मको विरोधका रोचक उदाहरण दक्षिण भारतमा भेटिन्छन् । १३ औँ शताब्दीका आलवार ग्रन्थका अनुसार वैष्णव कवि सन्त तिरुमङ्काईले नागपत्तिनमस्थित स्तुपबाट बुद्धको विशाल स्वर्ण मूर्ति चोरेका थिए । त्यसपछि त्यो मूर्तिलाई आगोमा गालेर पुन: मन्दिरमा प्रयोग गरे । विष्णुले नै आफूलाई यो जिम्मेवारी सुम्पेको ती कविको बयान थियो । बौद्धहरूप्रति ब्राह्मणहरूको दुश्मनी र घृणा समाजका धेरै तप्कामा आज पनि जारी छ । जस्तो तेलगू भाषामा लन्ज दिब्बालु शब्द प्रयोग गरिन्छ । यसको अर्थ ‘वेश्या पहाड’ हो । बौद्ध पुरातात्विक अवशेषका थुम्काहरूलाई जनाउन यसको प्रयोग आज पनि हुन्छ ।

४


बौद्धहरूभन्दा जैनहरूप्रति गरिएको ज्यादतीका प्रमाण बढी पाइन्छन् । खासगरी दक्षिण भारतमा जैनहरूले ठुलो उत्पीडन व्यहोर्नुपऱ्यो । शैवमार्गी ( नायनार) र वैष्णव (आल्वार) हरूले लगातार जैनहरूलाई घृणास्पद ‘पराइ’ को रूपमा चित्रण गरिरहे । छैटौँ-सातौँ शताब्दीदेखि यो घृणा सयौँ वर्षसम्म जारी रह्यो । यसको प्रमाण दसौँ शताब्दीको रचना तेवरममा भेटिन्छ । यो सुरुसुरुका तीन प्रसिद्ध नायनार सन्त कविहरूका श्लोकहरूको सङ्ग्रह हो । ती कविमध्ये अप्पर (सातौँ शताब्दी) र सम्बन्दर ( सातौँ शताब्दी) ले जैनहरूलाई अपमानजनक भाषामा निन्दा गरेका थिए । अप्परले जैनहरूलाई ‘निर्लज्ज जैन मुनि’, ‘रातमा उपवास बस्ने नाङ्गा जैनहरू’, ‘बर्बर पाराले खाने दुष्ट मुनि’, ‘पहेँला दाँतसितका निम्छरा र फोहरी जैन मुनि’ भने । सम्बन्दरले पनि यसरी




नै जैनहरूलाई गालीगलौज गरे । जैनहरूलाई उनले ‘राडी लगाउने, आफ्नो केश लुछ्ने र उभिएर खाना खाने बौलाहा जैन मुनि’ भने । यी दुई नयानार सन्तहरूले जैनहरूसँग भेट्दाको एउटा घटनाको सजीव वर्णन १२ औँ शताब्दीको आख्यान सेक्किलारले लेखेको पेरियपुराणम्मा पाइन्छ । यसमा वर्णित सबैभन्दा रोचक र महत्त्वपूर्ण घटनामा सम्बन्दरले जैन मुनिहरूलाई सबै बहसमा हराउँछन् । उनले मदुरैका पाण्डेयन राजालाई जैनबाट शैव मतमा धर्मान्तरण गराउँछन् र अन्तत: बहसमा पराजित ८ हजार जैन मुनिहरूको हत्या गरिन्छ ।

यो नरसंहारको कुनै ऐतिहासिक दस्ताबेज पाइन्न । तैपनि, जैनहरूप्रति शैवहरूको असहिष्णुताका प्रमाणहरू अनेक अनुश्रुतिहरूमा पाइन्छ । यस्तै उल्लेख मदुरैको स्थलपुराणमा पनि छ । यसैगरी तिरुनेलवेली जिल्ला (तमिलनाडु) का सबैभन्दा पुराना जैन गुफा मन्दिरलाई सातौँ शताब्दीमा शैव तीर्थमा फेरिएको थियो । कान्चीपुरमको कैलाशनाथ मन्दिर र मदुरैको मिनाक्षी मन्दिरको स्वर्ण कुमुदनी पोखरीको मण्डपम्का भित्ताहरू हिंस्रक चित्रहरू कोरिएको थियो । यसबाट जैनहरूले सहनुपरेको ज्यादतीको भेउ पाइन्छ ।

कर्नाटकका जैनहरू सधैँजसो लडाकु शैवमार्गी लिंगायत सम्प्रदायको निसानामा परिरहन्थे । लिंगायत सम्प्रदाय १२ औँ शताब्दीमा बनेको थियो । यसका संस्थापक थिए बासव । उनको सन्त जीवनचरितमा जैनहरूको संहार गरेको, कर्नाटकका विभिन्न इलाकामा रहेका जैन मन्दिरहरूलाई शैव तीर्थस्थलमा फेरेको र जैन मूर्तिहरूलाई नष्ट गरेको लिखित प्रमाण पाइन्छ । त्यस्तै, एउटा कर्नाटक अभिलेख र चेन्नाबासव पुराणमा एक जैन धार्मिक मठलाई अपवित्र गरेको घटना पढ्न पाइन्छ । यो घटना सन् ११६० मा अब्लुरमा भएको थियो । एउटा बहसमा जैनहरूलाई पराजित गरेपछि वीरशैव एकान्तद रामैयाले जैनहरूको मन्दिर भत्काउन लगाए । त्यसको स्थानमा उनले वीर सोमनाथको सम्मानमा एउटा मन्दिर स्थापना गर्न लगाए । त्यो मन्दिरमा उनले जैनहरूसँग शास्त्रार्थ हराएको दृश्य कुँदेको पाइन्छ । जैनहरूमाथिको अत्याचारले सीमा नाघ्यो । यसर्थ, १४ औँ शताब्दीमा विजयनगरको शासक परिवारसँग हस्तक्षेप गर्न याचना गर्नुपऱ्यो । तर, वीरशैवहरूले त्यसपछि पनि जैनहरूमाथि लगातार ज्यादती गरिरहे । आन्ध्र प्रदेशको श्रीसेलम क्षेत्रमा भेटिएका १६ औँ शताब्दीका अनेक शिलालेखबाट यो तथ्य पुष्टि हुन्छ । एक शिलालेखअनुसार लिङ्ग नाम गरेका मुखियाले श्वेताम्बर जैनहरूको मुन्टो काट्नमा गर्व गर्थे । त्यस घटनाको धेरै पछि पनि जैनहरू घृणाका पात्र बनिरहे । एक अज्ञात स्रोतमा हात्तीले कुल्चिने डर भए पनि जैन मन्दिरमा शरण लिनु हुँदैन भन्ने कथन पाइनु आश्चर्यको कुरा भएन । *(हस्तिना ताडियामानो पी नागच्छिद जैन मन्दिरम्)*






कोरियाली समुद्र तटमा अवस्थित प्रजातान्त्रिक जनगणतन्त्र कोरियाको विह्वा टापुमा अत्याधुनिक प्रविधिको प्रयोगसहितको सिनुइजु कम्बाइन ग्रीनहाउस फार्मको औपचारिक उद्घाटन गर्नुहुँदै प्रजग कोरिया राष्ट्रिय मामिला आयोगका अध्यक्ष मार्शल किम जोङ उन फेब्रुअरी १, २०२६ का दिन । उक्त फार्मको नियमित सञ्चालनले त्यस क्षेत्रमा वर्षैभरि ताजा तरकारीको आपूर्ति हुने बताइएको छ ।

*तस्बिर : बेएफए इन्टरनेशनल*

# राष्ट्राध्यक्ष सी चिनफिङ तथा उरूग्वेका राष्ट्रपति ओर्सीबिच भेटवार्ता

पेइचिङ, ३ फेब्रअरी (सीआरआई) । बिहान चीनका राष्ट्राध्यक्ष सी चिनफिङले मङ्गलबार बिहान पैचिङ जन बृहत् सभा भवनमा चीनको राजकीय भ्रमणमा रहनुभएका उरूग्वेका राष्ट्रपति यामान्डु ओर्सीसँग भेट-वार्ता गर्नुभएको छ ।

सो वार्ताका क्रममा राष्ट्राध्यक्ष सीले चीन ल्याटिन अमेरिका सम्बन्धमा चीनले सधैँ नै महत्त्व दिँदै आएको भन्दै आफ्नो सार्वभौमिकता, सुरक्षा र विकास हितको संरक्षण गर्न ल्याटिन अमेरिका र क्यारेबियाली मुलुकलाई समर्थन गर्दै आएको बताउनुभएको छ । उरूग्वे र सम्बद्ध क्षेत्रका मुलुकहरूसित चीन ल्याटिन अमेरिका भाग्य एकरूपताको निर्माण कार्यलाई प्रवर्द्धन गर्दै जान चीन इच्छुक रहेको पनि उहाँले औँल्याउनुभएको छ ।

राष्ट्रपति ओर्सीले अन्तर्राष्ट्रिय र क्षेत्रीय परिस्थितिमा देखा परेका चुनौतीको सामना गर्दा चीनसँग हातमा हात मिलाएर संयुक्त राष्ट्र सङ्घ बडापत्रको उद्देश्य र सिद्धान्तको सम्मान गर्दै बहुपक्षीयतावादलाई कायम राखी विश्वव्यापी दक्षिणको साझा हितको संरक्षण गर्दै जान उरूग्वे इच्छुक रहेको कुरामा जोड दिनुभएको छ ।

भ्रमण अवधिमा दुवै पक्षले "चीन उरूग्वे सम्पूर्ण रणनीतिक साझेदारी सम्बन्धलाई गहन पारिने जन गणतन्त्र चीन र दक्षिण अमेरिकी देश उरूग्वेको संयुक्त बक्तव्य" पनि जारी गरेका छन् ।

यसैबिच हाल चिनियाँ कम्युनिस्ट पार्टीका प्रतिनिधि मण्डलले चिनियाँ कम्युनिस्ट पार्टीको बीसौँ काङ्ग्रेसको चौथो पूर्णसभाको भावनाको प्रचार गर्नका लागि बेलायत, माल्टा, टर्की, इजिप्ट, किर्गिस्तान, उज्बेकिस्तान, मङ्गोलिया, सिङ्गापुरको भ्रमण गर्दै विभिन्न सरकारी पदाधिकारी र पार्टी नेतागणसँग भेटवार्ता गरेको छ ।

विभिन्न राष्ट्रका सरकारी पदाधिकारी तथा पार्टी नेता र व्यक्तिहरूले चिनियाँ कम्युनिस्ट पार्टीको बीसौँ काङ्ग्रेसको चौथो पूर्णसभाद्वारा चीन र विश्वका लागि सिर्जना गरिएको महत्त्वपूर्ण भावना र चीनको आर्थिक विकासले विश्वमा ल्याएको स्थिरता, सुनिश्चितताको उच्च मूल्याङ्कन गरेका छन् । उनीहरूले चीनको पन्ध्रौँ पञ्चवर्षीय योजनाको सफलताको अपेक्षा गर्दै चीनसँग सुशासनको अनुभव तथा बलियो विकास रणनीतिको प्रवर्द्धन गर्ने आशा गरेका छन् ।

# अमेरिकी संसद्मा सरकारी कामकाज ठप्प अन्त्यका लागि मतदान हुने

वासिङ्टन, २० माघ (एएफपी) । अमेरिकी कङ्ग्रेसले सरकारी कामकाज ठप्प अन्त्य गर्न खर्च विधेयकमाथि मङ्गलबार मतदान गर्ने तयारी गरेको छ । सोमबार राति हाउस रुल्स कमिटीले सिनेटबाट पारित खर्च प्याकेजलाई पूर्ण सदनमा पेश गर्ने निर्णय गरेपछि मतदानको बाटो खुलेको हो ।

सङ्घीय अध्यागमन एजेन्टहरूको कारबाहीका कारण उत्पन्न विवादले खर्चसम्बन्धी वार्ता अवरुद्ध भएको थियो । विशेषगरी मिनियापोलिसमा दुई अमेरिकी नागरिकको मृत्यु भएपछि डेमोक्रेटिक आक्रोश बढ्दा गृह मन्त्रालयका लागि नयाँ कोषको विषय अझ जटिल बनेको थियो ।

यसअघि सिनेटले सेप्टेम्बरसम्म अधिकांश सङ्घीय एजेन्सी सञ्चालनका लागि अझै पास हुन बाँकी रहेका पाँचवटा कोष विधेयक पारित गरेको थियो । साथै अध्यागमन नीतिमा थप छलफल गर्न डिएचएस सञ्चालनका लागि दुई हप्ताको अस्थायी उपाय पनि स्वीकृत गरिएको थियो ।

सरकारी कामकाज ठप्पले गैर-आवश्यक सङ्घीय सेवाका लागि कोष रोक्का हुने, सेवाहरू बन्द हुने र कर्मचारीहरू बेतलबी बिदामा बस्नुपर्ने अवस्था सिर्जना गर्दछ ।

अध्यागमन प्रवर्तनका विषयमा केही सांसदले असन्तुष्टि जनाए पनि राष्ट्रपति डोनाल्ड ट्रम्पले सरकारी कामकाज ठप्प अन्त्य गर्न खर्च विधेयक तत्काल पारित गर्न दबाब दिँदै आउनुभएको छ । उहाँले सामाजिक सञ्जालमार्फत अहिले कानुनमा परिवर्तन सम्भव नभएको भन्दै शीघ्र अनुमोदनको आह्वान गर्नुभएको थियो ।

डेमोक्रेटहरूले खर्च विधेयक पारित हुनुअघि अध्यागमन एजेन्टहरूको कार्यशैलीमा सुधारको माग गरेका छन् । गत महिना मिनियापोलिसमा दुई नागरिकको मृत्यु भएपछि यस विषयमा राष्ट्रिय स्तरमै आलोचना चर्किएको थियो ।

यसै सन्दर्भमा गृहमन्त्री क्रिस्टी नोमले सङ्घीय एजेन्टहरूले तत्काल शरीर क्यामेरा प्रयोग गर्ने घोषणा गर्नुभएको छ, जसलाई पछि देशभर विस्तार गरिने बताइएको छ ।

राजनीतिक रूपमा संवेदनशील वार्ताका बिच सदनका सभामुख माइक जोनसनले सम्झौता नजिक पुगेको विश्वास व्यक्त गर्नुभएको छ । तर रिपब्लिकन पक्षको साँघुरो बहुमतका कारण खर्च विधेयक पारित गर्न डेमोक्रेटिक मतमा भर पर्नुपर्ने सम्भावना पनि देखिएको छ ।

यदि सदनले सिनेटको सम्झौता अनुमोदन गरेमा सांसदहरूसँग डिएचएसको पूर्ण वर्षको कोष विधेयकमा सहमति जुटाउन दुई हप्तामात्र समय रहनेछ ।

# इरानमा सरकारविरोधी प्रदर्शनमा संलग्न १४० विदेशी पक्राउ

तेहरान, २० माघ (एएफपी) । इरानमा जारी सरकारविरोधी प्रदर्शनका क्रममा इरानी अधिकारीहरूले देशको मध्य भागबाट १३९ विदेशी नागरिकहरूलाई पक्राउ गरेको स्थानीय मिडियाले मङ्गलबार रिपोर्ट गरेका छन् ।

इरानको तस्निम समाचार एजेन्सीले याजद सहरका प्रहरी प्रमुखलाई उद्धृत गर्दै पक्राउ परेका व्यक्तिहरू विरोध आयोजना गर्ने, उक्साउने र निर्देशन दिने काममा संलग्न रहेको तथा देश बाहिरका सञ्जालहरूसँग सम्पर्कमा रहेर अपराधिक क्रियाकलाप गरेको जनाएको छ ।

यद्यपी पक्राउ परेका व्यक्तिहरूको राष्ट्रिय पहिचान खुलाइएको थिएन भने प्रदर्शनकारीहरूसँग सम्बन्धित मुद्दाहरूको समीक्षाको क्रममा, पक्राउ परेकामध्ये १३९ जना विदेशी नागरिक भएको निष्कर्ष निकालिएको प्रहरी प्रमुख अहमद नेगाहबानले बताउनुभएको छ ।

तेहरानले प्रदर्शनको क्रममा तीन हजार भन्दा बढीको मृत्यु भएको स्वीकार गरेको छ, भने हिंसाको श्रेय आतङ्कवादी कार्यहरूलाई दिँदै अधिकांश पीडितहरूमा सुरक्षा बलका सदस्य र निर्दोष दर्शकहरू रहेको बताएको छ ।

अमेरिकामा आधारित गैरसरकारी संस्था, द ह्युमन राइट्स एक्टिभिष्ट न्यूज एजेन्सीले छ हजार ८५४ जनाको मृत्यु भएको पुष्टि गरेको छ, जसमा अधिकांश प्रदर्शनकारीहरू सुरक्षा बलद्वारा मारिएका छन् । यसैबिच अन्य अधिकार समूहहरूले मृत्यु हुनेको सङ्ख्या अझ धेरै हुन सक्ने चेतावनी दिएको छ ।

इरानी अधिकारीहरूले संयुक्त राज्य अमेरिका र इजरायलले भड्काएको हत्या र तोडफोड सहितको प्रदर्शन अधिका त्यालीहरू शान्तिपूर्ण प्रदर्शनको रूपमा सुरु भएको बताएका छन् ।

## विश्व सङ्क्षेप

### चीनद्वारा आफ्नो सार्वभौमिकता र उचित अधिकारको संरक्षण गर्न भेनेजुयलालाई समर्थन

पेइचिङ, ३ फेब्रअरी (सीआरआई) । चीनको परराष्ट्र मन्त्रालयका प्रवक्ता लिन च्यानले मङ्गलबार नियमित पत्रकार सम्मेलनको अध्यक्षता गर्दै भेनेजुएला परिस्थितिबारे पत्रकारद्वारा सोधिएका प्रश्नको जवाफ दिनुभएको छ ।

प्रवक्ता लिन च्यानका अनुसार, एक महिनाअघि अमेरिकाले जबरजस्ती भेनेजुयलामाथि सैनिक प्रहार गर्नुका साथै जथाभावी रूपमा राष्ट्रपति निकोलस मादुरो र उहाँकी श्रीमतीलाई नियन्त्रणमा लिएको थियो । त्यस प्रभुत्ववादी कारवाईले गम्भीर रूपमा अन्तर्राष्ट्रिय कानुन र भेनेजुयलाको सार्वभौमिकताको उल्लङ्घन गर्नुका साथै ल्याटिन अमेरिका र क्यारेबियाली क्षेत्रको शान्ति र स्थिरतालाई त्रास धम्की पनि दिएको छ । त्यसैगरी चीनले त्यसको कडा विरोध गरेको छ ।

भेनेजुयलाले आफ्नो सार्वभौमिकता, इज्जत र उचित अधिकारको संरक्षण गर्नेमा चीनले समर्थन गर्दै आएको भन्दै प्रवक्ता लिन च्यानले अन्तर्राष्ट्रिय समाजसँग दृढताका साथ संयुक्त राष्ट्र सङ्घ बडापत्रको उद्देश्य र सिद्धान्तको संरक्षण गरी अन्तर्राष्ट्रिय निष्पक्षता र न्यायको संरक्षण गर्दै जाने कुरामा जोड दिनुभएको छ ।

### इरान र अमेरिका वार्ताको सङ्केत

दुबई, २० माघ (एपी) । इरानका मसुद पेजेस्कियानले संयुक्त राज्य अमेरिकासँग 'निष्पक्ष र न्यायसङ्गत वार्ता' गर्न चाहेको स्पष्ट सङ्केत दिनुभएको छ । उहाँले विदेशमन्त्रीलाई यससम्बन्धी पहल अघि बढाउन निर्देशन दिनुभएको बताउनुभएको हो । गत महिना कथित राष्ट्रव्यापी विद्रोहको कठोर दमनपछि वासिङ्टनसँग तनाव चर्किएका बेला तेहरानबाट आएको यो पहिलो प्रत्यक्ष सन्देश मानिएको छ ।

यस घोषणालाई सुधारवादी राष्ट्रपति पेजेस्कियानका लागि महत्त्वपूर्ण मोडका रूपमा हेरिएको छ । पछिल्ला हप्ताहरूमा देशभित्रको अस्थिरता आफ्नो नियन्त्रणभन्दा बाहिर गएको चेतावनी दिँदै आउनुभएका उहाँले अब कूटनीतिक बाटो खोल्न खोजेको देखिएको छ । यसले सर्वोच्च नेता आयातोल्लाह अली खामेनीबाट पनि वार्ताका लागि सहमति प्राप्त भएको सङ्केत दिने विश्लेषकहरूको भनाइ छ ।

क्षेत्रीय मध्यस्थतामा टर्कीले पर्दापछाडि प्रयास गरिरहेको बताइएको छ । अमेरिकी मध्यपूर्व दूत स्टिभ विटकफ यस क्षेत्रको भ्रमणमा रहनुभएको छ । तर वार्ता सफल हुन्छ कि हुँदैन भन्ने अझै अनिश्चित छ, किनकि राष्ट्रपति डोनाल्ड ट्रम्पले कहिले इरानको कथित विद्रोह त इरानको आणविक कार्यक्रमलाई वार्ताको मुख्य सर्त बनाइरहेका छन् ।

राष्ट्रपति पेजेस्कियानले सामाजिक सञ्जालमार्फत अङ्ग्रेजी र फारसी भाषामा लेख्दै क्षेत्रका मित्रवत सरकारहरूको आग्रहपछि यो निर्णय लिइएको जानकारी दिनुभएको छ । उहाँले गरिमा, विवेक र निष्पक्षताका आधारमा, धम्की र अनुचित अपेक्षाविना वार्ता हुनुपर्ने बताउनुभएको छ ।

संयुक्त राज्य अमेरिकाले औपचारिक रूपमा वार्ता सुरु भएको स्वीकार गरेको छैन ।

### संयुक्त राष्ट्रसङ्घद्वारा राफाह सीमा नाका पुन : खोल्ने निर्णयको स्वागत

न्युयोर्क, २० माघ (क्यूएनए) । संयुक्त राष्ट्र सङ्घले अन्तर्राष्ट्रिय कानून अनुसार नागरिकहरूलाई स्वेच्छाले सुरक्षित रूपमा गाजापट्टीमा फर्कन अनुमति दिनुपर्ने बताउदै राफाह सीमा नाका पुनः खोल्ने निर्णयको स्वागत गर्दै सहायताको दायरा विस्तार गर्न आह्वान गरेको छ ।

संयुक्त राष्ट्रसङ्घका महासचिवका प्रवक्ता स्टेफन डुजारिकले पत्रकारहरुसँगको सार्क्षाकारमा रफाह लगायतका सबै सीमानाकाहरुमार्फत न्यूनतम अवरोधहरूसहित गाजामा पर्याप्त मानवीय सहायताको अनुमति दिने आवश्यकतामा जोड दिनुभएको छ । आफ्नो तर्फबाट अधिकृत प्यालेस्टिनी क्षेत्रका संयुक्त राष्ट्रका आवासीय संयोजक रमिज अलेक्पेरोभले दुवै दिशामा राफाह सीमा पुनः खोल्नु युद्धविरामको पहिलो चरणको सम्झौताको अनुरूप एक महत्त्वपूर्ण कदम भएको बताउनुभएको छ ।

अलेक्पेरोभले गाजा पट्टीमा सुरक्षित र दिगो तरिकाले मानवीय पहुँच बढाउन थप कार्यको आवश्यकतामा जोड दिनुभएको छ ।

दक्षिणी गाजापट्टीमा अवस्थित सीमा नाका रफाह आक्रमण र कब्जा पछि सन् २०१४ मे- ७, देखि इजरायली कब्जाले पूर्ण रूपमा बन्द गरेपछि प्यालेस्टिनी आन्दोलनका लागि दुवै दिशामा सोमबार पुनः खोलिएको थियो ।

### भूमध्यसागरमा चक्रपात ह्यारीको कारण एक हजारको मृत्यु

रोम, २०माघ (क्युएनए) । सन् २०२६ को जनवरीमा मात्र मध्य भूमध्यसागरीय क्षेत्रमा आएको चक्रवात ह्यारीको कारण करिब एक हजारको मृत्यु हुनुका साथै धेरै आप्रवासीहरू बेपत्ता भएको मेडिटेरेनिया सेभिङ ह्युमन्सले जनाएको छ ।

इटालीस्थित राहत संस्था, "मेडिटेरेनिया सेभिङ ह्युमन्स" ले प्रेस विज्ञप्ति जारी गर्दै चक्रवात ह्यारीको समयमा लगभग एक हजार मानिसहरु समुद्रमा हराएर मृत्यु भएको हुन सक्ने बताएको हो ।

इटाली, माल्टा, लिबिया र ट्युनिसियाको बिचमा अवस्थित मध्य भूमध्य मार्ग हालैका वर्षहरूमा युरोपमा अनियमित आप्रवासन प्रवाहका लागि सबैभन्दा व्यस्त मार्गहरूमध्ये एक मानिएको छ ।

युरोपेली गैर-सरकारी संस्थाहरूले सामान्यतया उत्तर अफ्रिकाको तटबाट प्रस्थान गरेपछि सङ्कटग्रस्त अवस्थामा परेका आप्रवासीहरूलाई उद्धार गर्ने गरेको जनाइएको छ ।


जनवरी १८ - २५ को बिचमा, चक्रवात ह्यारीले इटालीको दक्षिणी तट र माल्टा टापुमा ठुलो क्षति पुऱ्याएको जनाइएको छ ।

# 'सम्पादकीय सङ्कलन' दोस्रो खण्ड विचारको खानी

✍ श्रीराम श्रेष्ठ

देश र जनतामा समर्पित विचारप्रधान 'श्रमिक' साप्ताहिकको 'सम्पादकीय सङ्कलन' दोस्रो खण्ड  पुस्तकमा २०७६ माघदेखि २०७८ माघसम्म (वर्ष २७ र २८) को 'श्रमिक' साप्ताहिकबाट प्रकाशित सम्पादकीयहरूको सङ्कलन छ। २०८२ माघमा प्रकाशित यस पुस्तकमा वर्ष २७ मा ५० वटा अङ्क र वर्ष २८ मा ५२ वटा अङ्क गरी जम्मा १०४ वटा सम्पादकीयहरू छन्। कम्युनिस्टहरू जनताको प्रजातन्त्र हुँदै आदर्श समाज साम्यवादसम्म पुग्ने उद्देश्य राख्छन्। समाजवाद हुँदै साम्यवादको परिकल्पना गर्नेहरूको लागि यो पुस्तक बहुउपयोगी छ। विश्वमा भएको घटनाक्रम र पुस्तकहरूमा समावेश भएका विषयहरू श्रमिक कामदार वर्गले बुझ्ने हो भने यो पुस्तक कम्युनिस्टहरूको निम्ति काम लाग्नेछ। कम्युनिस्टहरू उमेर, लिङ्ग, वर्ण र धर्मले क्रान्ति हुँदैन भन्नेमा विश्वास राख्छन्। पुँजीवादी सञ्चारमाध्यमले फैलाएको भ्रामक प्रचारप्रसारलाई चिर्न र समाजवादलाई व्यावहारिक रूपमा बुझ्न यस पुस्तकले सहयोग गर्नेछ। यस पुस्तकमा एकाधिकार पुँजी तथा विस्तारवादी नीतिको विरोध पाइन्छ। देशको राजनीतिक घटनाक्रममा चासो राख्ने, शासकहरूको खराब आचरणप्रति प्रश्न उठाउने, समाजवादी व्यवस्था हुँदै साम्यवादी व्यवस्थासम्म विश्वास राख्नेहरूको लागि र शासक दलहरूका कारण सिर्जित विकृति र विसङ्गतिहरूको चिरफारको निम्ति यो पुस्तक उपयोगी छ।

यो पुस्तक इतिहास, राजनीति, अर्थतन्त्र तथा देश र विदेशका घटनाहरूप्रति चासो राख्नेहरूको लागि 'अचुक उपहार' (न्यम नषत) हुनेछ। यस पुस्तकमा पुँजीवादी व्यवस्थामा शासकवर्गले कसरी शोषण गर्छ, पुँजीवादी व्यवस्थाले समाजमा के कस्तो असर पारेको छ ? यसमा जनताले कसरी सङ्घर्ष गरिरहेका छन् ? र पुँजीवादी व्यवस्थाविरुद्ध सङ्घर्ष गरिरहेको वर्गको दु:खद घटनाहरूसमेत उल्लेख छ। नेपालको २२ जिल्लामा भारतीय विस्तारवादद्वारा सीमा मिचेको देखि भारतले नाकाबन्दी गर्दा नालायक राजदूत दीपककुमार उपाध्याय काठमाडौँ लुक्न आएको घटना सँगसँगै चिकित्साशास्त्र नपढेका हरिनारायण चौधरीले आफूलाई डाक्टर भनेर वर्षौंदेखि बिरामीको गलत तरिकाले उपचार गर्दै आइरहेको घटना र चीनले मङ्गल ग्रह र चन्द्रमाबाट चट्टानहरू ल्याएर अनुसन्धान सुरु गरेको विषय पनि यसमा समावेश छ। मेडिकल संस्थाका महासचिव सुनिल शर्मा र अध्यक्ष अन्सारीले अभद्र व्यवहार गरेको आरोपमा पाँच जना विद्यार्थीलाई प्रहरीद्वारा नियन्त्रण गर्न लगाएको देखि जनताको नि:स्वार्थ सेवा गरेकै आधारमा पुस्तकालयमा आगो लगाउन खोज्नेहरूलाई रोक्न खोज्दा तत्कालीन मेयर प्रेम सुवाल र सभापति गोविन्द दुवाललगायत अन्य व्यक्तिलाई योजनाबद्ध तरिकाले भिडलाई उक्साउँदै घाइते बनाएको एवम् मधेसमा गरिबको भोकले ज्यान जाँदा १४ करोड राहत स्टोरमा नै कुहिएको विषय यसमा छ। यदि दोब्बर नाफा हुने भए पुँजीपतिहरू आफू झुन्डिन पनि तयार हुने र पुँजीवादीहरूले सञ्चालन गरेको अस्पतालले कोरोना महामारीमा जनतालाई सस्तोमा सेवा नदिएको तथा सहकारी र फाइनान्स कम्पनीले अरबौँ रकम अपचलन गर्दा रकम डुबेकाहरू हृदयघातको कारण मरेका र कतिपय औषधि किन्न नसक्दा मरेका तथा कतिपय एनजीओ तथा आईएनजीओले विकासको नाममा नेपालको वातावरण नबुझ्दा विध्वंश मच्चाएको विषय यस पुस्तकका आकर्षक विषयवस्तुहरू हुन्।




पञ्चायत कालमा प्रगतिशील विचारमा आस्था राख्ने पत्रपत्रिकाले प्रकाशनको स्वीकृति नदिएको विषय उजागर गर्दै प्रगतिशील विचार राख्नेहरू पुँजीवादी व्यवस्थाको विरुद्ध सङ्घर्षशील हुनुपर्ने र यस्ता घटनाहरू भावी दिनमा पनि हुनसक्ने हुँदा त्यसबाट सजग हुनको लागि सङ्घर्षशील प्रेरणा दिएको छ। एमसीसीसम्बन्धी विषय एउटा विकास परियोजना मात्र होइन; यो नेपालको राष्ट्रिय स्वाधीनतामा हस्तक्षेप र अमेरिकी साम्राज्यवादी घोषणापत्रजस्तै हो। एमसीसी आर्थिक सहायता वा पूर्वाधार विकासको साधारण सम्झौता नभई अमेरिकी साम्राज्यवादको रणनीतिक औजार हो। पुँजीवादी-साम्राज्यवादी शक्तिहरूको सैन्य हस्तक्षेपले मात्र नभई आर्थिक सन्धि, कानुनी प्रावधान र वैचारिक भ्रममार्फत कमजोर राष्ट्रहरूलाई आफ्नो प्रभाव क्षेत्रमा पार्ने गर्छन् भन्ने मार्क्सवादी विश्लेषण स्पष्ट देखिन्छ। अमेरिकी संसद्को विदेश मामिला समितिबाट आएको चेतावनीपूर्ण सन्देश र चीनसँगको सम्बन्धलाई लिएर सिर्जना गरिएको दबाबले नेपालको तटस्थ र असंलग्न नीति स्वतन्त्र नभएको यथार्थ उजागर गर्छ। यसले राज्य सत्तामा बसेका शासक विदेशी स्वार्थको दलाली गर्ने आरोपलाई थप पुष्टि गर्छ। एमसीसी पास हुनु भनेको केवल एउटा परियोजना स्वीकृत हुनु होइन, यो नेपाली जनताले सङ्घर्ष गरेर प्राप्त गरेको सार्वभौम अधिकारलाई साम्राज्यवादी केन्द्रतर्फ सुम्पिनु हो। समाजवादी दृष्टिकोणबाट हेर्दा, यस्ता सन्धिहरूले श्रमिक, किसान र उत्पीडित वर्गको हित होइन, विदेशी पुँजी र स्वदेशी दलालवर्गको नाफा सुरक्षित गर्छन्। जनतालाई विकासको नाममा फैलाइएको भ्रम चिर्न, चेतना विकसित गर्न र साम्राज्यवादी हस्तक्षेपविरुद्ध सङ्गठित प्रतिरोधमा उत्रन यसले सहयोग गर्छ। जबसम्म जनताको सत्ता स्थापना हुँदैन, जबसम्म समाजवादी दिशामा राज्यको पुनर्संरचना हुँदैन, तबसम्म एमसीसीजस्ता सन्धिहरू नयाँ-नयाँ उपनिवेशवादको शृङ्खलाको रूपमा अगाडि बढिरहनेछ।

राज्यसत्ताभित्र रहेको सबैभन्दा सङ्गठित र निर्णायक संरचना सेना तथा सत्तामा पुगेका कम्युनिस्ट नामधारी दलहरूको वैचारिक र नैतिक विचलनप्रति गम्भीर चेतावनी पूर्ण प्रश्न छ। सेनामा पनि वर्गीय चरित्र हुन्छ। यदि समयमै यसभित्र प्रगतिशील रूपान्तरण गरिएन भने त्यो जनताको सुरक्षा गर्ने शक्ति नभई शासकवर्ग र साम्राज्यवादी स्वार्थको सेवा गर्ने औजारमा परिणत हुनसक्छ भन्ने विभिन्न देशको उदाहरणले देखाउँछ। पद, प्रमोसन, उमेरको किचलो, नागरिकता, नक्कली प्रमाणपत्र र नातागोताको आधारमा अघि बढाइएका व्यक्तिहरूले देशप्रेम र जनउत्तरदायित्व होइन, व्यक्तिगत लाभ र अवसरवादलाई प्राथमिकता दिन्छन्। यिनै प्रवृत्तिबाट राष्ट्रघाती चरित्र बोकेका 'नालायक' पात्रहरूको जन्म हुन्छ, जो सङ्कटको घडीमा राष्ट्र र जनताको पक्षमा होइन, आफूलाई किन्ने शक्तिको पक्षमा उभिनेछन्। नाममा कम्युनिस्ट तर व्यवहारमा पुँजीवादी संसदीय व्यवस्थाका संरक्षक बनेका यी दलहरूलाई 'भाइकाङ्ग्रेस' भन्नु भावनात्मक आरोप होइन, वर्गीय विश्लेषण सत्तामा गएर देखाएको प्रवृत्तिको निष्कर्ष हो। सत्ता, सुविधा, विदेशी अनुदान र सम्झौतामा रमाउने यस्तो नेतृत्वले श्रमिक, किसान र उत्पीडितवर्गको मुक्ति होइन, यथास्थितिको संरक्षण गर्छ। क्रान्तिकारी समाजवादी दृष्टिकोणमा यस्तो अवसरवादी कम्युनिस्ट आन्दोलन जनताको लागि सबैभन्दा खतरनाक हुन्छ।

बालबालिकालाई धर्म सन्तानको नाममा पैसाको लेनदेनसहित विदेश पठाउने अमानवीय अभ्यास, कृषि पशुपालन क्षेत्रको अदूरदर्शी नीति र स्वदेशी उत्पादन नष्ट गरेर आयातमुखी पुँजीवादी बजारलाई मल, जल गर्ने, कुखुरा र अण्डा सस्तो भयो भन्दै उत्पादन नै नष्ट गर्ने, तर केही समयपछि अभाव सिर्जना गरेर भारतबाट महँगो आयात गर्ने नीति पुँजीवादी नाफामुखी सोचको नाङ्गो उदाहरण शासकहरूको हो; जहाँ किसान, उपभोक्ता र राष्ट्रिय अर्थतन्त्र तीनै पक्ष लुटिन्छन्। यो केवल नीतिगत कमजोरी होइन, दलाल-पुँजीको योजनाबद्ध खेल हो, जसले देशलाई आत्मनिर्भर होइन, परनिर्भर बनाउँछ। यसै सन्दर्भमा विद्यालयलाई घरको कामजस्तो हल्का रूपमा लिने, बाल मनोविज्ञान र विद्यार्थीको भावनात्मक विकासलाई बेवास्ता गर्ने प्रवृत्तिले देशको भविष्य नै खोसिरहेको छ। विद्यार्थीलाई दिनहुँ घण्टौँ बसमा राखेर सिर्जनात्मक समय खेर फाल्न बाध्य बनाइनु, शिक्षा ऐनविपरीत चल्ने संस्थाहरूलाई संरक्षण गर्नु र अपराधमा संलग्न व्यक्तिहरूलाई दण्डभन्दा सुविधा दिने न्याय प्रणालीले राज्यको वर्गीय चरित्र प्रस्ट पार्छ। समाजवादी दृष्टिकोणबाट हेर्दा शिक्षा र स्वास्थ्य नाफाको वस्तु होइन, ती समाज निर्माणका आधारस्तम्भ हुन्।

विदेशी दलाल, ठेकेदार तथा व्यापारीहरू भित्र्याउनु आफ्नै देशका युवाहरू रोजगारीको नाममा विदेश धकेलिनु यो पुँजीवादी राज्यद्वारा श्रमिक वर्गमाथि गरिएको संरचनागत हिंसा हो। रोगी, अपाङ्ग र अपहेलित भएर स्वदेश फर्किन बाध्य हजारौँ नेपालीहरूको पीडा राज्यका लागि तथ्याङ्क मात्र बनेको छ। महाकाली क्षेत्र वरिपरि भारतीय प्रशासनद्वारा नेपाली नागरिकमाथि गरिएको अमानवीय व्यवहारले राष्ट्रको आत्मसम्मान कति कमजोर छ भन्ने प्रस्ट हुन्छ।

पुस्तकमा सम्पादकीय सरल भाषामा लेखिएको छ। नेपाली भाषा पढ्न आउने र बुझ्नेले सहजै यसमा लेखिएको विषयलाई बुझ्न सकिने खालको छ। यो पुस्तक पढ्दै गर्दा विगतको इतिहासतर्फ पुन: ध्यानकेन्द्रित हुँदै जाने रहेछ। यो पुस्तक पढ्दै गर्दा पहिलो अध्यायपछि दोस्रो अध्यायमा के हुन्छ भन्ने कौतुहलता सिर्जना गर्ने खालको विषय तथा घटनाहरू यसमा छन्। यसले गर्दा पाठकहरूलाई पढ्न थप हौसला एवम् प्रेरणा दिन्छ। पुस्तकको आवरण आकर्षक छ। यसले पुस्तकको शोभा बढेको छ। आवरणमा देखिएको कलम समातेको हात लेखनको जिम्मेवारी, प्रतिबद्धता र वैचारिक अनुशासनको प्रतीकको रूपमा प्रयोग भएको छ। यसले कुनै व्यक्तिलाई होइन, 'श्रमिक' साप्ताहिकको सामूहिक चेतना र सम्पादकीय दायित्वलाई प्रतिनिधित्व गर्छ। अँध्यारो पृष्ठभूमिले पुँजीवादी समाजको समस्या, वर्गसङ्घर्ष र यथार्थका कठोर पक्षहरूलाई उजागर गरेको छ। चुट्किला र आकर्षक रङ प्रयोग नगरिनु पुस्तक मनोरञ्जनका लागि नभई गम्भीर अध्ययन र सोचका लागि हो भन्ने सन्देश दिन्छ।

कागजको मोटाइ र बनावटले पुस्तक सहजै नच्यातिने पटक-पटक पढ्न मिल्ने र सङ्ग्रहणयोग्य दस्तावेजको रूपमा प्रस्तुत गरिएको छ। यस कागजमा लेखिएका विषयहरू प्रस्टसँग देखिने हुँदा आँखालाई असहज नबनाई पाठकलाई ध्यानकेन्द्रित गर्न मद्दत गर्छ। यसले लेखनको गहिराइ र अनुशासन कायम गर्छ। अक्षरको आकार र डिजाइन उचित छ। पुस्तकको मूल्य पुस्तकको बनोटअनुसार अलि कम देखिन्छ।

कम्युनिस्ट विचारधारामा विश्वास गर्नेहरूको लागि यो पुस्तक गुणै गुणले भरिएको गुणिलो कृति हो - जसरी 'हिरा' लाई जति धेरै चाप ताप दियो उत्ति नै चम्किलो, बलियो र मूल्यवान हुन्छ। त्यसैगरी, पुँजीवादी व्यवस्थाको विरुद्ध यो पुस्तक मूल्यवान छ। शब्द-शब्दमा पुँजीवादी व्यवस्थाको विरोधको धार भेटिने यो पुस्तक समाजवाद र साम्यवादको परिकल्पना गर्नेहरूका लागि अत्यन्त उपयोगी छ। पुँजीपति सञ्चारमाध्यम र विज्ञहरूले फैलाउने भ्रम चिर्न, एकाधिकार पुँजी र विस्तारवादी नीतिको विरोध गर्न तथा शासकवर्गका विकृति तथा विसङ्गतिमाथि प्रश्न उठाउन जनतालाई सैद्धान्तिक र वैचारिक हिसाबले पोख्त बनाउन यस्ता पुस्तक प्रकाशनलाई निरन्तरता दिइराख्न अत्यन्त जरुरी छ।

# विद्यार्थीको रूचिमा लगानी

✍ इकुश्रे

मानव मस्तिष्क एउटा यस्तो विशाल र रहस्यमय बगैंचा हो, जहाँ हरेक फूलको रङ, सुगन्ध र फुल्ने मौसम फरक हुन्छ। तर, विडम्बना ! हाम्रो आधुनिक शिक्षा प्रणालीले प्राय: सबै फूललाई एउटै रङमा फुल्न र एउटै समयमा फक्रिन दबाब दिने गर्छ। मनोवैज्ञानिक हावर्ड गार्डनरले सन् १९८३ मा 'फ्रेम्स अफ माइन्ड' मार्फत बहुप्रतिभाको सिद्धान्त अघि सार्दै संसारलाई एउटा नयाँ ऐना देखाइदिए, जहाँ बुद्धिको मापन गणितको अङ्क वा भाषाको शुद्धतामा मात्र सीमित थिएन। गार्डनरका अनुसार प्रत्येक व्यक्तिमा नौ प्रकारका फरक-फरक बौद्धिकताहरू हुन्छन्, जो एकअर्काका पूरक हुन्। ती यसप्रकार छन् :

**क. भाषिक बौद्धिकता :** शब्दहरूको सही प्रयोग गर्ने, भाषा सिक्ने र लेख्ने क्षमता (जस्तै:- कवि, लेखक, वकिल)

**ख. तार्किक-गणितीय बौद्धिकता :** समस्या समाधान गर्ने, तर्क गर्ने र गणितीय गणना गर्ने क्षमता। (जस्तै:- वैज्ञानिक, इन्जिनियर)

**ग. साङ्गीतिक बौद्धिकता :** लय, सुर र ताल बुझ्ने तथा सिर्जना गर्ने क्षमता (जस्तै:- गायक, सङ्गीतकार)

**घ. शारीरिक-गतिक बौद्धिकता :** शरीरको सन्तुलन मिलाउने र शारीरिक हाउभाउ प्रयोग गर्ने क्षमता (जस्तै:- खेलाडी, नर्तक)

**ङ. दृश्य-स्थानिक बौद्धिकता :** चित्र, नक्सा र ठाउँको मानसिक रूपमा कल्पना गर्ने क्षमता ( जस्तै:- चित्रकार पाइलट, आर्किटेक्ट)

**च. अन्तरवैयक्तिक बौद्धिकता :** अरूको भावना, विचार र मनसाय बुझ्ने क्षमता (जस्तै:- नेता, शिक्षक, परामर्शदाता)

**६. अन्त: वैयक्तिक बौद्धिकता :** आफ्नै भावना, शक्ति र कमजोरीहरू बुझ्ने क्षमता (जस्तै:- दार्शनिक, चिन्तक)

**ज.प्रकृतिवादी बौद्धिकता :** बोटबिरुवा, जनावर र प्रकृतिसँग सम्बन्धित कुराहरू बुझ्ने क्षमता। (जस्तै:- किसान, जीव वैज्ञानिक)

**झ.अस्तित्ववादी बौद्धिकता :** जीवन, मृत्यु र मानव अस्तित्वका गहिरा प्रश्नहरूमा चिन्तन गर्ने क्षमता (जस्तै:- दार्शनिक, महात्मा, विचारक)

यी नौवटा प्रतिभाको विविधताले के स्पष्ट पार्छ भने, कक्षाकोठामा बस्ने हरेक विद्यार्थीको सिक्ने, सोच्ने र संसारलाई हेर्ने 'फ्रिक्वेन्सी' फरक हुन्छ। जब कुनै विद्यार्थीले शिक्षकले पढाइरहेको विषयमा ध्यान दिँदैन, तब हामी उसलाई 'कमजोर', 'सुस्त' वा 'उद्दण्ड' भनी सजिलै नकारात्मक पगरी गुथाइदिन्छौँ। तर, वास्तविकता यो होइन। यदि एउटा विद्यार्थी गणितको सूत्र सुन्दा झ्याल बाहिरको हरियाली वा चरा हेरेर टोलाइरहेको छ भने, सायद उसको मस्तिष्कमा प्रकृतिवादी प्रतिभा जागृत भइरहेको हुनसक्छ। यदि कसैले इतिहासको मिति सम्झिनुको सट्टा कापीको पानामा अस्पष्ट चित्रहरू कोरिरहेको छ भने, उसभित्रको दृश्य-स्थानिक क्षमताले नयाँ संसारको नक्सा बनाउन खोजिरहेको हुनसक्छ। यस्तो अवस्थामा उसलाई हपार्नु, अपमानित गर्नु वा बेन्चमा उभ्याउनु भनेको उसको मौलिक प्रतिभालाई मेटाउनु खोज्नु हो। यहाँ त शिक्षकले एक कडा शासक होइन, बरु एक संवेदनशील चिकित्सकको जस्तै उपचारात्मक तर सकारात्मक व्यवहार प्रदर्शन गर्नुपर्छ।

उपचारात्मक सकारात्मक व्यवहारको अर्थ हो- विद्यार्थीले किन ध्यान दिइरहेको छैन भन्ने कुरालाई उसको रुचिसँग जोडेर सहानुभूतिपूर्वक हेर्नु। विद्यार्थीको मनभित्रको संसारमा प्रवेश नगरी उसलाई बाहिरी अनुशासनले मात्र बाँध्न सकिँदैन। यदि एउटा विद्यार्थीलाई खेलकुदमा असाध्यै रुचि छ भने उसलाई भौतिक विज्ञानका नियमहरू फूटबलको गति वा ब्याटको कोणको उदाहरण दिएर बुझाउन सकिन्छ। यदि कसैलाई सङ्गीत मन पर्छ भने इतिहासका कठिन घटनाक्रम र सालहरूलाई लयबद्ध कविता वा गीत बनाएर सुनाउन सकिन्छ। जब विद्यार्थीले आफ्नो रुचिको कदर भएको पाउँछ, तब मात्र उसको सिकाइप्रति अपनत्व महसुस हुन्छ र उसको मस्तिष्क सिक्नका लागि पूर्ण रूपमा तयार हुन्छ। सजायले मान्छेलाई विद्रोही, निराश वा हीनताबोधले भरिएको बनाउँछ, तर प्रेमिल र सकारात्मक व्यवहारले उसभित्रको सुषुप्त प्रतिभालाई प्रस्फुटन गराउन उत्प्रेरकको काम गर्छ।

यस सन्दर्भमा अल्बर्ट आइन्स्टाइनले निकै घतलाग्दो कुरा भनेका थिए। भनिन्छ, "हरेक व्यक्ति प्रतिभाशाली हुन्छ। तर, यदि तपाईंले एउटा माछालाई रूख चढ्ने क्षमताको आधारमा मूल्याङ्कन गर्नुभयो भने, उसले आफ्नो पूरै जिन्दगी आफूलाई मूर्ख ठानेर बिताउनेछ।" आजको शिक्षामा हामी धेरैजसो माछालाई रुख चढ्न कर लगाइरहेका छौँ। कक्षाकोठामा कुनै विषयमा ध्यान नदिने विद्यार्थीलाई 'समस्या' का रूपमा होइन, एक 'विशिष्ट सम्भावना' का रूपमा हेरिनुपर्छ। शिक्षक र अभिभावकले बुझ्नुपर्छ कि कुनै पनि विद्यार्थीले रहरले ध्यान नदिएको हुँदैन, उसलाई केवल उसको आफ्नै 'रुचिको भाषा' मा बुझाउने मान्छेको खाँचो परेको हुन्छ। प्रत्येक विद्यार्थीको आत्माको एउटा छुट्टै लय हुन्छ र शिक्षकको काम त्यो लयलाई चिनेर त्यसमा आफ्नो शिक्षणको स्वर मिसाउनु हो।

अन्त्यमा, शिक्षाको वास्तविक र पवित्र उद्देश्य प्रमाणपत्रको थुप्रो लगाउनु मात्र होइन, बरु प्रत्येक विद्यार्थीभित्र लुकेको त्यो विशेष 'एक' प्रतिभालाई चिन्नु र त्यसलाई पल्लवित हुने उपयुक्त वातावरण दिनु हो। शिक्षक र अभिभावकले उसको सानो रुचिको कदर गर्दै उसलाई सही दिशामा हौसला दिने हो भने, संसारमा कुनै पनि विद्यार्थी असफल हुँदैन। गार्डनरका ९ क्षमताले हामीलाई सिकाउँछन् कि संसार विविधताले भरिएको छ। यो विविधतालाई स्वीकार गर्नु नै सभ्य र शिक्षित समाजको परिचय हो। त्यसैले, भोलिका दिनमा कुनै विद्यार्थीले कक्षामा ध्यान दिएन भने उसलाई गाली गर्नुअघि एकपटक सोच्नुहोस् - सायद ऊ आफ्नो नौमध्येको कुनै यस्तो प्रतिभामा मग्न छ, जुन हाम्रो परम्परागत पाठ्यक्रमको सीमित दायराले अझै चिन्न सकेको छैन। उसको त्यो मौनता र ध्यानहीनतालाई उसको रुचिको कदर गर्दै प्रेमिल मार्गमा डोऱ्याउनु नै वास्तविक र आदर्श शिक्षण हो। जब हामी विद्यार्थीको रुचिमा लगानी गर्छौं, तबमात्र हामीले एउटा सुन्दर भविष्यको निर्माण गरिरहेका हुन्छौं।

# एयर चाइनाले २०२६ को यात्रा अवधिमा ७० हजारभन्दा बढी उडान सञ्चालन गर्ने

पेइचिङ, २० माघ (सिन्हवा)। चीनको प्रमुख राष्ट्रिय वायुसेवा कम्पनी एयर चाइनाले सन् २०२६ को यात्रा अवधिमा ७० हजारभन्दा बढी उडान सञ्चालन गर्ने योजना सार्वजनिक गरेको छ। कम्पनीका अनुसार यो सङ्ख्या सन् २०२५ को सोही अवधिको तुलनामा १०.१ प्रतिशतले वृद्धि भएको हो, जसले घरेलु तथा अन्तर्राष्ट्रिय हवाई यात्राको बढ्दो मागलाई प्रतिबिम्बित गर्दछ।

एयर चाइनाले चीनका प्रमुख आर्थिक तथा जनघनत्वयुक्त क्षेत्रहरूबिच उडान सेवा थप सुदृढ गर्ने जनाएको छ। पेइचिङ-तियान्जिन-हेबेई क्षेत्र, याङ्त्से नदी डेल्टा, ग्वाङडोङ-हङकङ-मकाउ ग्रेटर बे एरिया तथा छेन्दु-छोङछिङ क्षेत्रजस्ता सहर समूहहरूलाई केन्द्रमा राख्दै उच्च आवृत्तिका उडान सञ्चालन गरिनेछ। यसले व्यापार, पर्यटन तथा पारिवारिक यात्रालाई सहज बनाउने अपेक्षा गरिएको छ।

कम्पनीका अनुसार उत्तरपूर्वी चीनतर्फका उडानमा यात्रु क्षमता गत वर्षको यात्रा अवधिको तुलनामा १५ प्रतिशतले वृद्धि गरिनेछ। चिसो मौसम र लोकप्रिय पर्यटकीय गन्तव्यका कारण सो क्षेत्रतर्फको यात्रु चापलाई व्यवस्थापन गर्न अतिरिक्त सिट क्षमता थपिएको हो। त्यस्तै, सान्या जस्ता अत्यधिक माग भएका पर्यटकीय गन्तव्यतर्फका सबै उडानहरू वाइड-बडी (ठुला) विमानमार्फत सञ्चालन गरिने एयर चाइनाले जनाएको छ, जसले यात्रु सुविधा र वहन क्षमतामा उल्लेखनीय सुधार ल्याउनेछ।

यात्राको चरम अवधिमा एयर चाइनाले चीनमै विकसित नौ वटा सी-९१९ विमानलाई समेत व्यावसायिक उडानमा प्रयोग गर्ने योजना बनाएको छ। यी विमानहरू पेइचिङबाट हाङफोउ, छेन्दु, उहान र सियानजस्ता प्रमुख सहरहरूतर्फ सञ्चालन गरिनेछन्। स्वदेशी विमानको प्रयोगले चीनको नागरिक उड्डयन उद्योगको प्राविधिक क्षमता र आत्मनिर्भरताको स्तरलाई थप सुदृढ गर्ने विश्वास गरिएको छ।

अन्तर्राष्ट्रिय उडान सञ्जाल विस्तारतर्फ पनि एयर चाइनाले विशेष ध्यान दिएको जनाएको छ। सीमापार यात्राको बढ्दो मागलाई सम्बोधन गर्न सिड्नी, अक्ल्याण्ड, सिङ्गापुर, सिउल र बैङ्ककजस्ता प्रमुख अन्तर्राष्ट्रिय गन्तव्यतर्फ थप उडान थपिनेछ। यस कदमले अन्तर्राष्ट्रिय पर्यटन, व्यापारिक सम्पर्क तथा सांस्कृतिक आदानप्रदानलाई थप प्रोत्साहन गर्ने अपेक्षा गरिएको छ।

एयर चाइनाले पर्याप्त उडान सङ्ख्या, सिट क्षमता विस्तार तथा सेवा गुणस्तर सुधारमार्फत यात्रुहरूलाई सुरक्षित, सहज र प्रभावकारी यात्रा अनुभव प्रदान गर्ने प्रतिबद्धता दोहोऱ्याएको छ।

# ट्रम्पद्वारा हार्वर्डसँग एक अर्ब डलर क्षतिपूर्तिको माग

वासिङ्टन, २० माघ (एएफपी)। अमेरिकी राष्ट्रपति डोनाल्ड ट्रम्पले सोमबार आफ्नो प्रशासनले हार्वर्ड विश्वविद्यालयसँग एक अर्ब डलर क्षतिपूर्तिको माग गर्ने बताउनुभएको छ। उहाँका अनुसार भविष्यमा हार्वर्डसँग कुनै थप सहकार्य गर्ने योजना पनि छैन।

राष्ट्रपति ट्रम्पले आफ्नो सामाजिक सञ्जाल प्लेटफर्म ट्रुथ सोसलमा लेख्दै हाल एक अर्ब डलर क्षतिपूर्तिको माग अघि सारिएको र हार्वर्ड विश्वविद्यालयसँग अब थप कुनै काम गर्न नचाहेको उल्लेख गर्नुभएको छ।

ट्रम्प प्रशासनका अधिकारीहरूले हार्वर्डसहित केही प्रतिष्ठित कलेजहरूले तथाकथित 'वेक' विचारधारालाई प्रवर्द्धन गरेको आरोप लगाएका छन्। उनीहरूका अनुसार प्यालेस्टाइन समर्थक विरोध प्रदर्शनका क्रममा यहुदी विद्यार्थीहरूलाई पर्याप्त सुरक्षा दिन ती संस्थानहरू असफल भएका थिए। यस विषयमा कानुनी उजुरी दर्ता गरिएको र अत्यधिक भुक्तानीको माग अघि सारिएको बताइएको छ।

आलोचकहरूले भने यस कदमलाई उदार विश्वविद्यालयहरूमाथि प्रशासनको दबाब अभियानका रूपमा व्याख्या गरेका छन्।

यसअघि आइभी लिगकै अर्को संस्था कोलम्बिया विश्वविद्यालयले गत गर्मीमा ट्रम्प प्रशासनलाई २० करोड डलर तिर्न सहमति जनाएको थियो। सो सम्झौताअन्तर्गत विश्वविद्यालयले भर्ना र भर्ती प्रक्रियामा जातीय आधारलाई ध्यानमा नलिने नियमहरू पालना गर्ने वाचा गरेको थियो।

तर, न्युयोर्क टाइम्सले सोमबार लामो वार्तापछि हार्वर्डबाट २० करोड डलर भुक्तानीको माग आफ्नो प्रशासनले खारेज गरेको रिपोर्ट गरेको छ।

गत सेप्टेम्बरमा राष्ट्रपति ट्रम्पले हार्वर्डसँग ५० करोड डलरको सम्झौतामा पुग्न वार्ता नजिक पुगेको जानकारी पत्रकारहरूलाई दिनुभएको थियो। सो सम्भावित सम्झौतामा ट्रेड स्कूलहरू खोल्ने प्रस्ताव पनि समावेश रहेको बताइएको थियो।

तर, सोमबार साँझको पोस्टमा ट्रम्पले हार्वर्डले अघि सारेको रोजगार प्रशिक्षणसम्बन्धी अवधारणा जटिल र अपर्याप्त भएकाले अस्वीकार गरिएको बताउनुभएको छ। उहाँका अनुसार सो प्रस्ताव सफल नहुने निष्कर्षमा प्रशासन पुगेको थियो।

राष्ट्रपति ट्रम्पले हार्वर्डले गम्भीर र जघन्य अवैध काम गरेको आरोप लगाउँदै ५० करोड डलरभन्दा बढीको नगद सेटलमेन्टबाट उम्किन खोजेको टिप्पणी गर्नुभएको छ। यद्यपि, उहाँले हार्वर्डले कुन-कुन कानुन उल्लङ्घन गरेको हो भन्ने स्पष्ट विवरण दिनुभएको छैन।

यसैबिच, आईभी लिगकै अर्को संस्था युनिभर्सिटी अफ पेन्सिलभेनियाले पनि गत वर्ष ट्रम्प प्रशासनको दबावपछि ट्रान्सजेन्डर महिलाहरूलाई महिला खेलकुदमा सहभागी हुन प्रतिबन्ध लगाउने घोषणा गरेको थियो।

# निर्वाचन आयोग र राससबिच समाचारसम्बन्धी सम्झौता

काठमाडौँ, २० माघ। निर्वाचन आयोग र राष्ट्रिय समाचार समिति (रासस) बिच आगामी फागुन २१ गते हुने प्रतिनिधिसभाको निर्वाचनसम्बन्धी समाचार उत्पादन एवं प्रचारप्रसारबारे सम्झौता भएको छ।

मङ्गलबार निर्वाचन आयोगमा आयोजित कार्यक्रममा कार्यवाहक प्रमुख निर्वाचन आयुक्त रामप्रसाद भण्डारी तथा आयुक्तद्वय डा. जानकीकुमारी तुलाधर र सगुनशमशेर जबरा, आयोगका सचिव कृष्णबहादुर राउत तथा राससका कार्यकारी अध्यक्ष धर्मेन्द्र झाको उपस्थितिमा राससका महाप्रबन्धक सन्दिप राई र आयोगका सहसचिव राजेन्द्र केसीबिच सो सम्झौतापत्रमा हस्ताक्षर भएको थियो।

निर्वाचन प्रचारप्रसार सामग्री प्रकाशन र प्रसारणसम्बन्धी सो सम्झौता आजै निर्वाचन आयोग र गोरखापत्र संस्थान, सार्वजनिक सेवा प्रसारण नेपाल (नेपाल टेलिभिजन र रेडियो नेपाल), प्रेस काउन्सिल नेपाल तथा विज्ञापन बोर्डबिच पनि भएको छ।

त्यस अवसरमा कार्यवाहक प्रमुख निर्वाचन आयुक्त रामप्रसाद भण्डारीले निर्वाचन आयोग निर्वाचनलाई निष्ठापूर्वक सम्पन्न गर्न लागिपरेको बताउनुभयो। उहाँले छोटो समयमा धेरै काम गर्नुपर्ने भएकाले निर्वाचनलाई सम्पन्न गर्न सबैको सहयोग आवश्यक भएको बताउँदै निर्वाचनको प्रचारप्रसारमा नेपाल सरकारको स्वामित्वमा रहेका सबै सञ्चारमाध्यमहरूले निकै मेहनतका साथ काम गरिरहेको प्रसङ्ग उल्लेख गर्नुभयो।

यो निर्वाचन आवधिक नभएर आकस्मिक भएकाले समयमै र सफलतापूर्वक हामीले सम्पन्न गर्दा विश्वकै लागि उदाहरण बन्ने पनि उहाँले बताउनुभयो। उहाँले निर्वाचनका अब ३० दिनमात्र बाँकी रहेकाले बाँकी दिनमा पनि मतदाता शिक्षा, निर्वाचन कार्यक्रम, आचारसंहितालगायत विषयमा सबै भाषाभाषीले बुझ्ने गरी समाचार सामग्री तयार पारेर प्रचारप्रसार गरिदिन आग्रह पनि गर्नुभयो।

थुप्रै बाधा व्यवधान खडा भए पनि तिनलाई पार गरेर अहिलेको अवस्थामा आइपुगेको र मतदानको प्रक्रियाबाहेकका सबै व्यवस्थापकीय कार्य सम्पन्न भइसकेको पनि उहाँले सुनाउनुभयो।

आयोगका सचिव कृष्णबहादुर राउतले स्थानीय स्तरमा स्वयंसेवक परिचालन गरेर मतदाता शिक्षा दिइने बताउनुभयो। उहाँले आयोगका सामाजिक सञ्जालबाट पनि आधिकारिक सामग्रीको प्रचारप्रसार भइरहेकाले त्यसतर्फ समन्वय गर्न पनि सबैसँग आग्रह गर्नुभयो।

सो सम्झौतापछि राससका कार्यकारी अध्यक्ष झाले नेपालमा विगत लामो समयदेखि नै निर्वाचनहरू सम्पन्न गर्न राससले निर्वाह गर्दै आएको भूमिकाको स्मरण गर्दै आसन्न निर्वाचनका क्रममा पनि मतदाता शिक्षाको विस्तार, आचारसंहिताको पालना र निर्वाचन सचेतनाजस्ता विषयका समाचारलाई राससले प्राथमिकताका साथ सम्प्रेषण गरिरहेको जानकारी दिनुभयो। *रासस*

# श्रमिक ठगी गर्न बनेका कार्यविधि खारेज गरिने

काठमाडौँ, २० माघ। श्रम, रोजगार तथा सामाजिक सुरक्षामन्त्री राजेन्द्रसिंह भण्डारीले श्रमिक ठगी गर्न बनाइएका 'फ्री भिसा टिकट', अभिमुखीकरण, तालिमलगायतका कार्यविधि एक महिनाभित्रमा खारेज गरिने बताउनुभएको छ।

उहाँले आफ्नो कार्यकालमै श्रमिकका नाममा भएका सबै 'सिन्डिकेट' हटाउन आवश्यक रहेको बताउँदै यस्ता कार्यविधि खारेज गर्ने निर्णय लिएको जानकारी दिनुभयो। मङ्गलबार मन्त्रालयमा आयोजित मन्त्रालय मातहतका निकायहरूको चालु आर्थिक वर्षको अर्ध-वार्षिक प्रगति समीक्षामा मन्त्री भण्डारीले विभिन्न कार्यविधिका नाममा श्रमिकलाई 'ट्र्याप' मा पारेर दुःख दिने काम भइरहेको बताउनुभयो।

उहाँले मन्त्री भएको केही सातामै वैदेशिक रोजगारसम्बन्धी स्वास्थ्य परीक्षणमा तोकिएको अधिक शुल्क खारेज गर्नुभएको थियो। उहाँले भन्नुभयो, "हामी कहाँ नीति, नियम देखाएर श्रमिकमाथि दुःख दिने गरिएको छ। मेरो कार्यकालभित्र सबै सिन्डिकेट तोडिदिन्छौँ।" त्यसपछि मन्त्रालयले नै श्रम स्वीकृतमार्फत विदेश पठाउने, निःशुल्क स्वास्थ्य परीक्षणको व्यवस्था गर्ने र अभिमुखीकरण तालिम पनि सञ्चालन गर्ने व्यवस्था ल्याइने उहाँको भनाइ छ।

अर्ध-वार्षिक समीक्षामा मन्त्रालयको कार्य सम्पादनबारे छलफल भएको थियो। मन्त्रालय मातहतका विभाग र शाखाका प्रतिनिधिले आ-आफ्नो निकायमा पुस महिनासम्म भएको कार्यसम्पादन विवरण प्रस्तुत गरेका थिए। कार्यक्रममा राष्ट्रिय योजना आयोगका उपाध्यक्ष डा. प्रकाशकुमार श्रेष्ठले मन्त्रालयका अधिकांश कार्य योजनाहरू विभाग र शाखाअन्तर्गत दोहोरिएको औँल्याउँदै त्यसको सङ्क्षेपीकरण गर्न सुझाव दिनुभयो। "एउटै कार्य योजनामा दोहोरो बजेट नराखौँ, त्यसलाई मर्ज गरेर अरू आवश्यक कार्यमा सदुपयोग गरौँ," उहाँले भन्नुभयो।

कार्यक्रममा मन्त्रालयका सचिव डा. दीपक काफ्लेले मन्त्रालयले हालसम्म चालु आवमा १६ प्रतिशतभन्दा पनि बढी बजेट खर्च नगरेकाले विभागहरूले कार्यक्रम सञ्चालनमा तीव्रता बढाउन निर्देशन दिनुभयो। साथै उहाँले श्रमिकको हितसँग जोडिएको नेपाल सरकार र स्वीस सरकारको सहकार्यमा सञ्चालित 'सामी' परियोजनाको प्रभावकारितामाथि प्रश्न उठेकाले यसलाई पुनः समीक्षा गरेर कार्य सम्पादनमा जोड दिनुपर्ने बताउनुभयो। *रासस*

# राफाह सीमा खोलेको पहिलो दिन गाजाबाट इजिप्टमा दर्जनौँ मानिसहरूको प्रवेश : स्रोत

राफाह, २० माघ (एएफपी)। राफाह सीमा पुनः खोलेको पहिलो दिन, दर्जनौँ घाइते प्यालेस्टिनी र उनीहरूका साथीहरू गाजाबाट सोमबार इजिप्टमा प्रवेश गरेको इजिप्टको सिमानाको एक स्रोतलाई उद्धृत गर्दै एएफपीले जनाएको छ।



संयुक्त राष्ट्र सङ्घलगायत र सहायता समूहहरूले माग गरेबमोजिम पुनः सीमा खोल्नु, गाजाका लागि युद्धविराम योजनाको दोस्रो चरण भएको जनाइएको छ। जहाँ दुई वर्षको युद्ध पछि मानवीय अवस्था अत्यन्त गम्भीर छ।

इजिप्टको सिमानामा रहेका अधिकारीहरूका अनुसार सोमबार सीमाबाट इजिप्टमा प्रवेश गर्न अनुमति दिइएको बिरामीहरूको सङ्ख्या ५० थियो भने प्रत्येकसँग दुई जना साथीहरू थिए।

इजिप्टका स्वास्थ्य अधिकारीलाई उद्धृत गर्दै एएफपीले प्यालेस्टिनी बिरामीहरू लिएर तिनवटा एम्बुलेन्सहरू आइपुगेका थिए भने जसलाई कुन अस्पतालमा लैजानुपर्छ भनेर निर्धारण गर्न चेकजाँच गरिएको थियो।

इजिप्टको स्वास्थ्य मन्त्रालयलाई उद्धृत गर्दै अलकाहेरा न्युजले प्यालेस्टिनी बिरामीहरू लिनका लागि १५० वटा अस्पताल र ३०० वटा एम्बुलेन्स तयार रहेको जनाएको छ।

स्थानान्तरण गरिएका व्यक्तिहरूलाई उपचार गर्न १२ हजार डाक्टर र ३० वटा र्यापिड डिप्लोयमेन्ट टोली छुट्याइएको छ।

गाजा शहरको अल-शिफा अस्पतालका निर्देशक मोहम्मद अबु साल्मियाले यस क्षेत्रमा २० हजार बिरामीहरू तत्काल उपचारको पर्खाइमा छन्, जसमध्ये चार हजार ५०० बच्चाहरू रहेका छन्।

एएफपीले सोमबार सार्वजनिक गरेका तस्बिरहरूमा प्यालेस्टिनीहरूलाई फर्कनको लागि तयारी अवस्थामा राखिएका खाली बसहरू देखाएको थियो।

सन् २०२४ मे मा हमाससँगको युद्धको क्रममा इजरायली सेनाले इजिप्टको प्रवेशद्वारको नियन्त्रण कब्जा गरेपछि सीमामा अपरेसनको सुरुवात भएको हो।

गाजाको नागरिक सुरक्षाले सप्ताहन्तमा इजरायली आक्रमणको लहरमा दर्जनौँको मृत्यु भएको रिपोर्ट गरेको छ भने सेनाले प्यालेस्टिनी लडाकुहरू राफाह सहरको सुरुङ्गबाट बाहिर निस्किएको जनाएको छ।

गाजाको निरीक्षण गर्न स्थापित प्यालेस्टिनी प्राविधिक समितिका प्रमुख अली साथले रफाहको पुनः खोलाइले यस क्षेत्रका लागि "आशाको प्रदान गरेको बताउनुभएको छ।

# साफ यू-२० च्याम्पियनसिपको खेल तालिका सार्वजनिक

काठमाडौँ, २० माघ। दक्षिण एसियाली फुटबल महासङ्घ (साफ) ले माल्दिभ्समा आयोजना हुने साफ यु-२० च्याम्पियनसिप फुटबल प्रतियोगिताको खेल तालिका सार्वजनिक गरेको छ।

आगामी मार्च २३ देखि अप्रिल ४ का दिनसम्म आयोजना हुने उक्त प्रतियोगितामा सहभागी टोलीलाई दुई समूहमा विभाजन गरिएको छ। जसमा नेपाल समूह 'ए' मा परेको छ। उक्त समूहमा आयोजक माल्दिभ्ससँगै भुटान र श्रीलङ्का छन्। यसैगरी प्रतियोगिताको समूह 'बी' मा साविक विजेता भारत, बङ्गलादेश र पाकिस्तान छन्।

नेपालले आफ्नो उद्घाटन खेलमा भुटानको सामना गर्नेछ। यसैगरी, नेपालले दोस्रो खेल मार्च २५ का दिनमा श्रीलङ्कासँग खेल्नेछ भने समूह चरणको अन्तिम खेल २७ मार्चमा माल्दिभ्ससँग हुनेछ। सिङ्कल राउन्ड रोबिन लिगपछि प्रत्येक समूहबाट शीर्ष दुई टोलीले सेमिफाइनलमा स्थान बनाउनेछन्। उक्त च्याम्पियनसिपको लागि अखिल नेपाल फुटबल सङ्घ (एन्फा) ले पहिलो चरणमा ८० खेलाडी छनोट गरेको छ।

# प्रतिनिधिसभा सदस्य निर्वाचन : समानुपातिकतर्फ तीन हजार १३५ उम्मेदवार कायम

काठमाडौँ, २० माघ। निर्वाचन आयोगले आगामी फागुन २१ मा हुने प्रतिनिधिसभा सदस्य निर्वाचन, समानुपातिकतर्फको अन्तिम बन्दसूची सार्वजनिक गरेको छ। आयोगले आज प्रकाशित गरेको उम्मेदवारको अन्तिम सूचीमा ६३ राजनीतिक दलबाट ५७ निर्वाचन चिह्न कायम भएका कुल तीन हजार १३५ उम्मेदवार रहेका छन्। प्रकाशित बन्द सूचीमा एक हजार ७७२ महिला र एक हजार ३६३ पुरुष उम्मेदवार रहेका आयोगका प्रवक्ता नारायणप्रसाद भट्टराईद्वारा जारी विज्ञप्तिमा जनाइएको छ।

**प्रतिनिधिसभाको...**

अहिले सामाजिक सञ्जालमार्फत असीमित खर्च गर्ने प्रवृत्तिको पनि विकास भएको छ। विदेशमा डलरमा भुक्तानी दिने भएकोले त्यसमा कति खर्च भएको हो यकिन गर्न पनि सजिलो छैन। आयोगले त्यसको पनि हिसाब निकाल्नुपर्छ।

निर्वाचनमा अत्यधिक खर्च हुने गरेको कारण नीति निर्माणमा पुँजीपतिवर्गको प्रभाव बढ्दै गएको हो। वास्तवमा यो व्यवस्थामा निर्वाचनमा प्रतिनिधि चयन गर्ने एउटा औपचारिकता मात्र सीमित हुँदै छ। पुँजीपतिवर्गले जसलाई चाहन्छ, त्यही मान्छे जित्छन्। त्यसैले यो निर्वाचनलाई पुँजीपतिवर्गले बुढो घोडा फेर्ने प्रक्रियासँग जोडेर हेर्न सकिन्छ। जे भए पनि निर्वाचन देशका लागि ठुलो आर्थिक भार बन्दै छ। जिम्मेवार राजनीतिक दलहरूले निर्वाचन खर्चको मितव्ययिताबारे सोच्न ढिलो गर्नु हुँदैन नत्र देशको अर्थतन्त्रले निर्वाचन खर्च धान्नै नसक्ने अवस्था आउनेछ र निर्वाचनको लागि विदेश निर्भर हुनुपर्नेछ। यसबारे बेलैमा सोच्नु बुद्धिमानी हुनेछ !

प्रकाशक तथा कार्यकारी सम्पादक: उद्धव सुजखु★सम्पादक: विष्णुगोपाल कुसी ★ कार्यालय: कमलविनायक, भक्तपुर, फोन नं. ६६१०९२१, फ्याक्स: ६६१३२०७, E-mail: majdurdaily@gmail.com ★ विज्ञापन शाखा: ६६१९१०७/६६२०५५९, E-mail: majdurdailybigyapan@gmail.com ★ मुद्रक: सिद्धिगणेश अफसेट प्रेस, चोर्चा